
# सामुदायिक विद्यालय सुदृढीकरण
# अभिभावक विश्वास र सहभागिता—२०८०
# अध्ययन प्रतिवेदन



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
योजना तथा अनुगमन महाशाखा
जनशक्ति विकास योजना तथा समन्वय शाखा
सिंहदरवार, काठमाडौं
बैशाख २१, २०८०

## सामुदायिक विद्यालयसुदृढीकरण अभिभावक विश्वास र सहभागिता

परिच्छेदः एक
सामुदायिक विद्यालय अध्ययनको उद्देश्य तथा विषय क्षेत्र
पृष्ठभूमि-
अनुगमन, अध्ययन क्षेत्र
अनुगमन, अध्ययनका उद्देश्य
अनुगमन अध्ययनको सान्दर्भिकता
अनुगमन तथा अध्ययन तरिका
जानकारी लिएका मुख्य निकायहरु

परिच्छेदः दुई
आदर्श नमुना विद्यालय निर्माणका आकाङ्क्षाहरु
रुपान्तरणमा सामुदायिक विद्यालयहरु
आदर्श सामुदायिक विद्यालय निर्माणका प्रयासहरु

परिच्छेदः तीन
रुपान्तरणको दवावमा सामुदायिक विद्यालयहरु
सामुदायिक विद्यालय व्यवस्थापन सम्बद्ध प्रश्नहरु

परिच्छेदः चार
सामुदायिक विद्यालयका विशेषताहरुः
माध्यमिक विद्यालयकाआशा लाग्दा परिवर्तनहरु
विद्यालयमा देख्न पाइने भौतिक सुधारका पक्षहरु
शैक्षिक सुधारतर्फका प्रगतिहरु
आर्थिक पक्षका सबलताहरु
सामुदायिक विद्यालय सुदृढीकरणका व्यवहारिक पक्ष
सामुदायिक विद्यालयका राम्रा पक्ष

परिच्छेदः पाँच
सामुदायिक विद्यालयका समस्या, समाधान तथा निचोड
सामुदायिक विद्यालयको चित्र
सिकाइ पक्षमा सुधारका समस्याका कारणहरु
समस्या समाधानका उपायहरू
नमुना विद्यालय सम्बद्ध प्रअहरुका प्राप्त रायसुझावहरु
निष्कर्ष
अनुसूची तालिका
विद्यालको समग्र विवरण

# सामुदायिक विद्यालयसुदृढीकरणअभिभावक विश्वास र सहभागिता

## परिच्छेदः एक

## सामुदायिक विद्यालय अध्ययनको उद्देश्य तथा विषय क्षेत्र

**पृष्ठभूमि-**

सामुदायिक विद्यालयहरु प्रायः सरकारी दरवन्दीमानिर्भर हुन्छन्। तर कतिपय स्थानीय तहमा सञ्चालित निजी क्षेत्रका विद्यालयहरुसँग प्रतिस्पर्धामा उत्रिएका सामुदायिक विद्यालयहरु नितान्त फरक छन्। तिनमा सरकारी दरवन्दी तथा स्थानीय स्रोतका जनशक्तिको बरोबरका आधारमा विद्यालय सञ्चालित हुँदा फरक फरक सेवासुविधा र विशिष्टताका पहिचानमा सामुदायिक विद्यालय पुगेका छन्। पछिल्लो अभ्यासमा सरकारी पहलमा नै कतिपय सामुदायिक विद्यालयहरु नमूना तथा प्राविधिक विषय धारका रुपमा प्रस्ताव हुने क्रम बढेको छ। कतिपय सामुदायिक विद्यालयमा साधारण शिक्षासहित प्राविधिक धारका विषय सञ्चालन हुने र स्थानीय तहमा विभिन्न क्षेत्रका सीपयुक्त जनशक्ति विकास गर्ने क्रम बढेको छ।

नमूना तथा प्राविधिक धारमा छनोट भएपछि ती सामुदायिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरुले अनुभूत गरेका शिक्षण सिकाइ तथा शैक्षिक उपलब्धिका सकारात्मक पक्ष आशा लाग्दा छन्। उनीहरुका भनाइमा क्रियाकलाप उन्मुख शिक्षणमा जोड, अंग्रेजी भाषा माध्यमको सिकाइ प्रवेशलेसामुदायिक विद्यालयमा प्रतिस्पर्धा बढाएको छ। भौतिक पूर्वाधार तथा शैक्षिक सामग्रीहरुको समुचित व्यवस्थापनले विद्यालयहरु आकर्षित हुँदै गएका छन्। शिक्षक तथा प्रधान अध्यापकद्वारा विद्यार्थीको हौसला, उत्साह, उत्प्रेरणा बढाउनमा विशेष गतिविधि सञ्चालन हुन पाउँदा भविष्यप्रति आशा जाग्दा छन्।

शिक्षण सिकाइ सम्बद्धविभिन्न विषय क्षेत्रका प्रयोगशालाहरुको व्यवस्थापन तथा प्रयोगमा सरोकारवालाको ध्यानाकर्षण हुन थालेको छ। साथै, अत्तिरिक्त क्रियाकलाप सहित विभिन्न क्षेत्रका खेलकुदमा सहभागितामा जोड दिइन्छ। शिक्षक, विद्यार्थी र व्यवस्थापन समितिहरुको बीच समन्वय, सहकार्य र सहभागिता बढ्दै गएको छ। विद्यालय विकासका लागि त्रिकोणात्मक छलफलबाटशैक्षिक योजना कार्यक्रम निर्माण गर्ने संस्कृति विकास भएको छ। प्र.अ.बाट नियमित रुपमा कक्षाकोठा अनुगमन, कक्षाकोठाहरुमा सेतोपाटी तथा फर्निचरको थप व्यवस्था मिलाउन प्रयास भइरहेछ। सयौं विद्यार्थी तथा शिक्षक, कर्मचारीले प्रयोग गर्ने शौचालयहरुमा धारा सहित पानीको व्यवस्था र सरसफाइ राम्रो हुन थालेको छ।

शिक्षणसिकाइमा विज्ञान तथा सूचना साधन प्रविधिहरुको प्रयोगमा विशेष चासो राख्न थालिएको छ। विद्यालयको बाह्य आवरण साजसज्जा तथा आन्तरिक सरसफाइ लगायतका पक्षमा विशेष ध्यान पुराएका छन्। विद्यार्थी अनुशासन एवम् शिक्षक पेसागत दायित्वमा विशेष जोड जस्ता सुशासन आदि पक्षमा सामुदायिक विद्यालयहरु धेरै आकर्षक र राम्रा देखिन थालेका छन्। यसै पृष्ठभूमिमा यो सामुदायिक विद्यालय सुदृढीकरण अभिभावक विश्वास र सहभागिता- २०८० अध्ययन प्रतिवेदन दस्तावेज तयार गरिएको छ।

**अनुगमन, अध्ययन क्षेत्र**

कोशी प्रदेशका झापा, मोरङ तथा सुनसरी, मधेश प्रदेशका धनुषा, सिराहा तथा सप्तरी, बागमती प्रदेशको चितवन, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशका गुल्मी, रुपन्देही, कपिलवस्तु तथा पश्चिम नवलपरासी, र कर्णाली प्रदेशको सुर्खेतगरी १३ वटा जिल्लाका केही सामुदायिक विद्यालयको अध्ययन गरियो। देशभरका केही प्रतिनिधि मूलक जिल्लाका केही **अनुसुची एक बमोजिमका**प्रतिनिधिमूलक सामुदायिक विद्यालयको अध्ययन अनुगमन गरियो। विद्यालयमा उपलब्धशैक्षिक, भौतिक,प्रशासनिक र व्यवस्थापकीय

पक्षको सामान्य वस्तुस्थितिबोध गरियो।साथै,ती विषय पक्ष सम्बद्ध जनशक्ति व्यवस्थापन,विकास र प्रभाव सम्बन्धी जानकारीसमेत लिने प्रयास गरियो।अध्ययनकोउद्देश्य बमोजिमकाविषय क्षेत्रमा समेत बाह्यपक्षबाट अनुगमन तथा निरीक्षण कार्य गरियो।अन्य सरोकार सहभागिताका विभिन्न समसामयिक मुद्दा र सफलता सिकाइ र कठिनाइ पक्षमा समेत अन्तरक्रिया तथा अवस्था बोध गरियो।

**अनुगमन,अध्ययनका उद्देश्य**

१. सामुदायिक विद्यालयमा उपलब्ध विद्युत सुविधा,नेट,इन्टरनेट,कम्प्युटर कक्ष, सञ्चारप्रविधि सिकाइको अवस्था पहिचान गर्नु ।

२. विषय क्षेत्रकाल्याव,विज्ञान ल्याव, पुस्तकालय जस्ता सेवासुविधाको अध्ययन, व्यवस्थापन र सिकाइ वातावरण अवलोकन तथा उपयोग अवस्था पहिचान गर्नु।

३. प्रधानाध्यापक, शिक्षक,शैक्षिक उपभोक्ता विद्यार्थी तथा व्यवस्थापकहरुसँग विद्यालय व्यवस्थापन प्रक्रिया सम्बन्धमा छलफल गर्नु ।

४. सामुदायिक शिक्षाप्रति सरोकारवालासँग औपचारिक तथा अनौपचारिक रुपमा विभिन्न जिज्ञासा राख्नु र आफ्नो विषयमा पेशागत तथा व्यवस्थापन क्षमता पहिचानको प्रयास गर्नु।

५. स्थानीय प्रत्यक्ष सरोकारित तर अनौपचारिक समूहको सामुदायिक विद्यालय सम्बन्धी विचार तथा उपलब्ध सेवासुविधा र त्यसप्रतिको धारणा सङ्कलन गर्नु।

६. सामुदायिक विद्यालयमा समग्रमा शिक्षण सिकाइ पद्धति र तिनका विभिन्न पक्षका विषयमा सरोकारवाला प्रधानाध्यापक, शिक्षक, शैक्षिक उपभोक्ता विद्यार्थी, व्यवस्थापक र स्थानीय समुदायका अभिभावकहरुकाविचार सङ्कलित गर्नु।

७. सामुदायिक विद्यालयहरुले व्यवस्थापन र सञ्चालनमा सामना गर्न परिरहेका समस्या, चुनौती र समाधानका उपायहरुका विषयमा विद्यालयका भोगाइ तथा तथ्यपरक विचार सङ्कलन गर्नु।

८. सामुदायिक विद्यालयमा उपलब्ध सरकारी साधनस्रोतको बाबजुद पनि सामुदायिक विद्यालयहरुले सञ्चालन तथा व्यवस्थापन खर्च भन्दै धेरै मात्रामा अभिभावक सहयोग शुल्क लिए भन्ने गुनासोको अवस्थाको यथार्थता पहिचान गर्नु ।

९. सामुदायिक विद्यालय सुदृढीकरणा तथानिः शुल्क शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन के के बाधा छन् र के कस्तो नीतिगत व्यवस्था गरेमा सार्वजनिक शिक्षा थप प्रतिस्पर्धी हुन्छ ?विद्यालयहरु अनुभव तथा अभ्यासका धारणा सङ्कलन गर्नु।

१०. सामुदायिक विद्यालय सबलीकरण र सुदृढीकरणका लागि राज्यले लिनुपर्ने रणनीतिक आधार र मापदण्ड विकासका व्यवहारिक पक्ष पहिचान गरी अभिभावक सहभागितामा नीतिगत व्यवस्था गर्नु।

**अनुगमनअध्ययनको सान्दर्भिकता**

कुनै पनि विद्यालय धेरै राम्रोसँग सञ्चालन व्यवस्थापन राज्य सरकारको चाहनाले मात्र हुँदो रहेनछ। गुणस्तरीय सिकाइयुक्त र प्रभावकारी हुनुमा स्थानीय अभिभावकहरुको प्रत्यक्ष सहकार्य र सहयोग मुख्य हुन्छ।संस्थाको आर्थिक प्रबन्धप्रति सरोकारवालाको विश्वास तथा सर्व स्वीकार्य सहभागिता अनिवार्य हुन्छ।संस्थाको विकासमा कुनै पनि विषयमा समाजमा पूर्ण समर्थन, विरोध वा मिश्रित प्रतिक्रिया हुने गर्दछ। नेपाली समाजमा यस्ता पक्षमा के हुन्छ ? अनुभवमा के हुने गरेको छ ?यस अध्ययनमा ती विषयमा के के कुरा पाइयोवा सिकाइ भयो?त्यो जनसमक्ष ल्याउने प्रयास मात्र भएको छ।

विद्यालयहरुमा उपलब्ध आइसिटीको प्रयोग,भर्च्यूल पढाइको अवस्था र समग्र जनशक्ति व्यवस्थापन,सञ्चालन,विकास र प्रभावका यी पक्ष सुक्ष्म रुपमा नियाल्नु अध्ययनको सान्दर्भिकता

रह्यो। विद्यार्थीका लागि प्रविधिमैत्री शिक्षण व्यवस्थाको अनुगमन,निरीक्षण गरी सामुदायिक विद्यालयहरुमा विकसित असल अभ्यासहरुको प्रचारप्रसार गर्नका लागि राष्ट्रिय तहमा एकीकृत सामग्री विकास गर्नु रह्यो। यसका साथै,शिक्षण संस्थाहरुमा तत्काल सुधार गर्नुपर्ने तथा दीर्घकालीन सुधारका पक्षहरूको बारेमा पृष्ठपोषण प्रदान गर्न तथा सामुदायिक विद्यालय सुदृढीकरणका लागि नीतिगत व्यवस्था तथा संयन्त्रको प्रबन्ध मिलाउने दस्तावेज तयार गर्नु तथा अध्ययनको मुख्य सान्दर्भिकता रह्यो।

**अनुगमन तथा अध्ययन तरिका**

१. सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन र समग्र पक्षको अवलोकन,
२. विद्यालयका शैक्षिक,भौतिक,प्रशासनिक पक्षहरुको छड्के जाँच र अवस्था टिपोट,
३. विद्यालयका समग्र पक्ष तथा गतिविधिको बारेमा प्रअ तथा शिक्षकहरुसँग प्रश्नोत्तर र जानकारी सङ्कलन,
४. सम्भव भएसम्मका समुदायका अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसंग अन्तरक्रिया,
५. समुदायका बालबालिका तथा विद्यालयका विद्यार्थीहरूसँगको औपचारिक तथा अनौपचारिक प्रश्नोत्तर
६. विद्यार्थी तथा शिक्षकसँगको अनौपचारिक अन्तर्क्रिया र कतिपय अवस्थामा कक्षाअवलोकन र अवस्था बोध,
७. विद्यालयबाट सार्वजनिक सामग्रीहरु,प्रकाशित बुलेटिन स्मारिका तथा ब्रुसरहरुको अध्ययन।

**जानकारी लिएका मुख्य निकायहरु**

जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरु, रुपन्देही झापा, सुनसरी र मोरंग गुल्मी र सुर्खेत। शैक्षिक तालीम केन्द्र लुम्बिनी प्रदेश रुपन्देही तथा प्रदेश प्रदेश एक, सुनसरी। सामाजिक विकास डिभिजन कार्यालयका लुम्बिनी प्रदेश रुपन्देही। शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश रुपन्देही। बुटवल उपमहानगर पालिका रुपन्देही विराटनगर महानगरपालिका, भद्रपुर नपा तथा धरान उमनपाका शिक्षा शाखा। सामाजिक विकास मन्त्रालय, प्रदेश एक, मोरंग, विराटनगर। मेची नगरपालिकाका ४४ सामुदायिक विद्यालयका प्रअ तथा मेयर। जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ, सुनसरीको समन्वयमा सबै स्थानीय तहका शिक्षा शाखा प्रमुखहरु। शैक्षिक तालीम केन्द्र सुनसरीमा सञ्चालित माध्यमिक विद्यालयका प्रअहरुको तालीमका सहभागीहरु।

क्रममाबाहिरी अवलोकन गरिएका संस्थाहरु- भद्रपुर माध्यमिक विद्यालय, हिमाली माध्यमिक विद्यालय, भद्रपुर, पृथ्वीनगर, झापा तथा मदनभण्डारी स्मृति प्रतिष्ठान, उर्लावारी मंगलबारे र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरंग, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सुनसरी, साथै विराटनगर बहुप्राविधिक महाविद्यालय र जनता सामुदायिक माध्यमिक विद्यालय लहान बहुप्राविधिक महाविद्यालय र मध्यपश्चिम विश्वविद्यालय। यो अध्ययनमा मोरङ सुकुना मावि, सजिलाल मावि र धुलावारी माविमा स्थलगत अध्ययन नगरी उच्च अदालत विराटनगरमा ती विद्यालय विरुद्ध परेको शुल्क सम्बन्धी विवरणमा पेश भएका कागजातलाई आधार मानी अध्ययन गरिएको छ।

अनुसूची अनुसारका विद्यालयहरुमध्ये कास्की र चितवनका विद्यालयमा मन्त्रालयका शाखा अधिकृत प्रेमकुमारी शर्मा र अन्य झापादेखि सुर्खेतसम्मका ११ जिल्लामा उपसचिव ईश्वरीप्रसाद पोखरेलले अनुगमन गरेको र यो अध्ययन मन्त्रालयको जनशक्ति विकास योजना तथा समन्वय शाखाको तर्फबाट २०७९ जेठदेखि २०७९ फाल्गुन अवधिभित्र ती जिल्ला र विद्यालयमा पुगी गरिएको हो।

**अध्ययनका प्राथमिकता तथा सिमा**

यो अध्ययन कुनै निश्चित विधि, प्रक्रिया ,फारम तथा सूचना निर्माण गरी गरिएको होइन।कुनै विशिष्टीकृत विषय क्षेत्र, अध्ययन ,अनुसन्धानलाई लक्षित गरी निर्धारित प्रदेश, जिल्ला र स्थानीय तहका विद्यालय किटान गरी लिइएको सूचना वा अध्ययन पनि होइन।सरकारी तहबाट विद्यालय शिक्षामा निःशुल्क शिक्षा, पाठ्यपुस्तक, शैक्षिक प्रोत्साहन भत्ता, छात्रवृत्ति लगायतका धेरै सुविधासाथ गाउँठाउँ जतासुकै सामुदायिक विद्यालय सुदृढीकरण अभियानका कार्यक्रम सञ्चालित छन्।तापनि सामुदायिक विद्यालयहरुप्रति जनविश्वास वृद्धि हुन नसकेको प्रतित हुन्छ।पुस्तकालय, विषयगत क्षेत्रका प्रयोगशाला, शैक्षिक तथा भौतिक पूर्वधार व्यवस्थाले सामुदायिक विद्यालयप्रति जन आकर्षण बढाउन नसक्नुका कारण के के रहेछन्, विद्यालयमा उपलब्ध सामग्रीहरु प्रयोग हुन नपाएर,प्रयोग गर्न नजानेर हो वा अन्य कुनै कारणहरु पनि छन्।यी कुरा मनमा सधैं विचार खेल्ने हुँदा मन्त्रालयको जनशक्ति विकास योजना तथा समन्वय शाखामा कार्यरत भएको अवस्थामा यी विषयमाथि सामान्य अध्ययन गर्न आत्मगत उत्प्रेरणाले घच्घचाएकोले मात्र ती जिल्ला र विद्यालयमा पुगिएको र जानकारी लिइएको हो।

जिल्लामा पुगेपछि यो जिल्लामा सबैभन्दा अब्बल, उत्कृष्ट, नमुना तथा विद्यार्थी चाप भएको सामुदायिक विद्यालय कुन हो,नमुना प्रस्ताव गरिएको विद्यालय कुन हो, प्राविधिक धार सञ्चालन भएको विद्यालय कुन हो, र ती विद्यालयमध्ये तपाईको विचारमा मध्यम खालका र सामान्य रुपमा स्तरीय हुन नसकेका सामुदायिक विद्यालयहरु कुन कुन हुन्।यसरी जिल्ला तहका पदाधिकारीले नाम दिएका र आफूले लिएका र समय र परिस्थितिले ती विद्यालयमा पुग्न सम्भव भएसम्मका मात्र विद्यालयमा पुग्ने गरिएको हो।उपलब्ध हुन सकेका सरोकारवालासँग अन्तरक्रिया मात्र गर्ने र सतहीमा शैक्षिक अवस्थाको जानकारी लिनेसम्मको धर्म निर्वाह मात्र गरिएको हो।यसरी अनुसूची बमोजिमका १३ जिल्लाका ५४ विद्यालयमा पुगी विवरण सङ्कलन गरिएको रहेछ।तर यी विद्यालयमा लिखित प्रमाण माग्ने, हेर्ने र अभिलेख भिडाउने तथा आयव्यय तथा कुनै चल, अचल सम्पत्तिको अवस्थाबारे खोजविन गर्ने कार्य गरिएको होइन।मौखिक रुपमा प्रअ तथा शिक्षक वा व्यवस्थापक जो जो उपलब्ध हुनु भयो, ती पदाधिकारीसँग जानकारी लिने, टिप्ने र बाह्य आवरणमा विद्यालयको अवलोकन, भ्रमण गरिएका आधारमा मात्र यो प्रतिवेदन तयार गरिएको हो।यसको विषयगत सिमा र आधिकारिक स्रोत साह्रै साँघुरो हुनाले तोकेर,ठोकेर र किटेर भन्न नसकिने अवस्था हो।तापनि यस्तै सतही सूचनालाई अनुगमनकर्ताको बुझाइ र क्षमता अनुसार छुट्टै प्रतिवेदनका रुपमा उतारिएकोले विद्यालयका धेरै कुरा रहस्यमा हुन सक्ने तथ्यलाई मनन गरिनु उचित हुनेछ।

## परिच्छेदः दुई

## आदर्श नमुना विद्यालय निर्माणका आकाङ्क्षाहरु

**रुपान्तरणमा सामुदायिक विद्यालयहरु**

क)**बदलिँदो रुप**

सामुदायिक विद्यालयहरुमा प्रायः विद्युतीकरण,नेट, इन्टरनेट पहुँचको सुविधामा वृद्धि भएको छ।पछिल्लो समयमा, पुस्तकालय, विषयगत क्षेत्रका प्रयोगशाला व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबाट आर्थिक लगानी हुन थाल्यो।शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत शिक्षा तथा मानवस्रोत विकास केन्द्रको नियमन तथा आर्थिक स्रोत व्यवस्थामा जिल्ला, जिल्लामा नमुना विद्यालय विकास तथा प्राविधिक धारतर्फ कम्प्युटर, इलेक्ट्रिकल, सिभिल,कृषि बाली विज्ञान र पशुविज्ञान जस्ता विषयहरुको पहुँच विस्तार गर्न थालियो।

सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार तथा शैक्षिक वातावरण विकास गरी प्रविधिमैत्री पठनपाठन हुन थाल्यो।साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद मातहत १८ महिने प्रिडिप्लोमा र तीनवर्षे डिप्लोका कार्यक्रमहरु कतिपय सामुदायिक विद्यालयहरुमार्फतसञ्चालन गर्न थालियो।कतिपय विद्यालयहरु बाह्रघण्टा बिहान छ बजेदेखि साँझ छ बजेसम्म सञ्चालन हुने थाले। एउटै विद्यालयमा एक दिनमा १४० तथा १५० वटा समूहका विभिन्न विषयका कक्षाहरु व्यवस्थापन गर्न थालियो।विगतमा निजी विद्यालयको आकर्षणमा पर्दा मरणासन्न भएका सामुदायिक विद्यालयहरु पुनः विद्यार्थी तथा अभिभावक भित्र्याउन सफल भए। विद्यालयहरुले विभिन्न शैक्षिक योजना सिपगत व्यवहारिक पेसागत विषयका जनशक्ति तयार पार्न र नतिजा प्राप्त गर्न सफल हुन थाले।

ख) **समुदाय लगाव**

अध्ययनमा पुगेका विद्यालयमा कम्प्युटर शिक्षा प्रायः कक्षा छ देखि बाह्रसम्मका विद्यार्थीसम्म विस्तार हुँदै गएको छ।शिक्षण सिकाइका लागिकक्षा कक्षामा इन्टरनेटको सुविधा, प्रोजेक्टर तथा स्मार्ट बोर्डको व्यवस्था पनि धेरै विद्यालयमा विस्तार हुँदै गएका छन् । विद्यालयको जग्गाको उपलब्धता र क्षमता अनुरुप केही विद्यालयले हरित विद्यालय परिसर बनाउन तथा करेसावारी विकास गर्न आन्तरिक प्रयासहरू थालिए छन् । स्थानीय तह र समुदायमा उपलब्धखेलमैदानको बहु उपयोगको व्यवस्थापन तथा उपयोगमा विद्यालयका सञ्चालकको ध्यान जान थालेको छ ।कतिपय विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु आलोपालो आएर निगरानी र सहजीकरण गर्दा रहेछन् । कतिपय विद्यालयमा जिम्मेवार पदाधिकारीहरु आफू दैनिक स्वयंसेवी बनेर जीवनमा आफूले आर्जन गरेका पेसागत विज्ञको भूमिका निर्वाह गर्न थालेका छन्।प्रायः विद्यालयहरुबाट शुक्रवारे अत्तिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाइएको छ।विद्यालय र समुदायलाई जोड्ने लगाब र रूचिक कार्यहरूमा ध्यान पुगेको छ।

ग )**शैक्षिक वातावरण र उदासिनता**

प्रायः जसो विद्यालयमा कक्षा छ देखिकाछात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था प्रभावकारी हुनाका साथै, प्राप्ति र प्रयोगपछि नष्ट गर्ने विधि छात्रामैत्री छन्।शैक्षिक क्रियाकलाप लगायत अन्य खेलकुदको समेत प्रतिस्पर्धात्मक कार्यक्रम विद्यालयहरुमा नियमित योजनाबद्ध गर्न, गराउन सफलता मिलेको छ।सबै शिक्षक,कर्मचारीलाई विद्यालय वातावरण तथा सिकाइ क्रियाकलापका अतिरिक्त विभिन्न पक्षसम्बन्धी कार्य

विभाजन गरी प्रभावकारी रूपमा कार्य सञ्चालन गर्न थालिएका छन्।शिक्षण पेसामा व्यतित वर्षको अनुभव मात्र ठुलो होइन र कार्य सिजर्ना र नतिजा मुख्य हो भन्दै विद्यालय व्यवस्थापकहरुबाट पारदर्शी मूल्याङ्कनबाट शिक्षकलाई सम्मान र प्रोत्साहन गर्न थालिएको छ।

प्रायः ठुला विद्यालयहरुले शैक्षिक वातावरण व्यवस्था तथा गुणात्मक सिकाइ कायम राख्न नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक जस्ता विषयगत समिति गठन गरेका छन्।ती समितिहरुमासबै शिक्षकहरुलाई गोलबद्ध गर्ने र कम्तिमा राम्रो नतिजा जिपिए २ दशमलव आठ माथिको परीणाम ल्याउन सफल शिक्षकहरुलाई सार्वजनिक सम्मान र पुरस्कृत  गर्ने चलन पनि भित्र्याएका रहेछन्। विद्यालय सुन्दरताका लागि प्राङ्गण र कक्षाकोठाहरुलाई सफा,सुन्दर राख्नडस्टविनको व्यवस्था, नियमित स्वीपरको नियुक्ति विद्यालयका सम्बन्धमा कुनै सिकायत भए गुनासो पेटिका आदि व्यवस्था गरिएका पाइन्छन्।

**घ**) असंवेदनशीलता

सामुदायिक विद्यालयमा कक्षा छसम्म दिवा खाजाको प्रबन्ध गरिएको छ। यो अवस्थामा पनि कतिपय विद्यालयले आन्तरिक रुपमा खाजा खुबाउने प्रबन्ध नगरेको पाइयो । त्यसरी नै स्थानीय उत्पादन र प्रयोग प्रवर्धन खाजा प्रबन्धमा नेतृत्वको संवेदनशीलता अपनाएको पाइएन।सबै ठूला विद्यालयमा सयौं खाजा खाने विद्यार्थीको संख्या अनुसार व्यवस्था भएपनि स्थानीय बजार तथा उत्पादनसित जोडिन अझ प्रयास र सचेतना गर्न ,गराउन विद्यालयहरुले नसकिरहेको अवस्था पाइयो।विद्यालय दिवा खाजाप्रति सरोकारवाला पक्ष बढी संवेदनशील नहुनु आवश्यक देखियो।

## आदर्श सामुदायिक विद्यालय निर्माणका प्रयासहरु

### क)सामुदायिक विद्यालयको कर्तव्य

कुनै पनि शैक्षिक संस्था स्थापनाका आ-आफ्नै किसिमका मूल्य र मान्यता हुन्छन्।विद्यालय जीवनोपयोगी शिक्षा प्राप्तिको पवित्र सरस्वतीको मन्दिर मानिन्छ।विद्यालयबाट प्रदान गरिने शिक्षामार्फत कुनै पनि व्यक्तिको भाग्यको निर्धारण हुन्छ।विद्यालयमा प्राप्त गरिने शिक्षा र ज्ञानले व्यक्तित्व निर्माण हुन्छ।पछिल्लो अभ्यासमा समुदाय तथा सरकारको पूर्ण ध्यान नपुग्दा वा जिम्मेवार निकाय र पदाधिकारी वर्ग उदासिन हुँदा सामुदायिक विद्यालयले विभिन्न किसिमका उतार चढाव तथा कठिनाइ पार गरे।तर धेरैपछि आएर सामुदायिक विद्यालयले आफ्नो सुन्दर भविष्यको सुनौलो यात्रामा नयाँ आयाम थप गर्न थालेका छन्।

शान्ति क्षेत्र विद्यालयका रुपमा अभिभावक, समुदाय, शिक्षित व्यक्तिहरु तथा विद्यार्थीहरुको मन मस्तिष्कमा सामुदायिक विद्यालय प्रवेश हुने क्रममा छन्।अव्यवस्थापन र अराजकताका कारण कतिपय सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या न्यून भएर धरासायी हुने वा बन्द नै गर्ने  स्थितिमा पनि केही सामुदायिक विद्यालयहरु पहिलो रोजाइका विद्यालय निर्माण गर्ने सकारात्मक नतिजासाथ फड्को मार्नु अवश्य नै धेरै सुखद पक्ष मान्नु पर्दछ।सामुदायिक विद्यालयलाई बाइ बाइ गर्दै संस्थागत विद्यालयतिर लहसिएका अभिभावक र विद्यार्थीको आकर्षणमा परिवर्तन गराउन सक्नुलाई सफलता ठान्नु पर्दछ।विगतमा सर्पले काँचुली छाडेझैं सामुदायिक विद्यालय त्यागेका अभिभावक र विद्यार्थीहरुलाई पुनः सामुदायिक विद्यालयतिर फर्काउन केही हदसम्म नमुना र प्राविधिक धारका शैक्षिक प्रावधान सहयोगी हुँदै गएका यी कार्यक्रम सफलताका मुख्य नतिजा देखिन्छन् ।

**ख ) समुदायप्रति उत्तरदायी विद्यालय**

सामुदायिक विद्यालय समुदायको साझा सम्पत्ति भएकोले तिनीहरु समुदायप्रति नै पूर्ण सम्बन्धित र जवाफदेही हुन्छन्। सामुदायिक शिक्षाको उन्नतिमा रमाउनु र अवन्नतिमा दुःखित हुनु हरेक समुदायका सचेत र जिम्मेवार नागरिकको सामुदायिक दायित्व हुन्छ। तर नेपालमा विद्यालयको विशिष्टीकृत वर्गीकरण र सेवाक्षेत्र किटान नहुनाले समस्या छ। तापनि हरेक कठिनतम अवस्थाबाट सामुदायिक विद्यालयको शिक्षालाई बाहिर निकाल्न र गुणस्तरीय सेवा प्रवाहको केन्द्र बनाउन समाजका जिम्मेवार नागरिकको अहम् भूमिका हुन्छ।

नागरिकलाई आवश्यक पर्ने हरेक विषय पक्षमा सहयोग प्रदान गर्न समुदायिक विद्यालयकोआपसी संम्लग्नताले मात्र संस्थाप्रति सम्मानजनक अपनत्व बोध गराउँछ। यसैले सार्वजनिक संस्थाका रुपमा रहेका सामुदायिक विद्यालयहरुको हरेक गतिविधि पारदर्शी हुनुपर्छ। विद्यालयका हरेक सेवा प्रवाहका कुरा चुस्त दुरुस्त राख्नु र सार्वजनिकीकरण गर्नु व्यवस्थापकीय पारदर्शिता ठानिन्छ। स्पष्ट भन्दा पूर्णत सबै विद्यालयहरु समुदायप्रति पूर्ण बफादार र उत्तरदायी भूमिकामा हुनु कानुनको पालना गर्नु मानिन्छ ।

**ग ) नीतिनिर्माणमा सबैको सहभागिता**

सामुदायिक वा संस्थागत जुनसुकै विद्यालय हुन्,हरेक विद्यालयकोआफ्नो भूगोल तथा विशिष्ट समुदायिक वर्ग र क्षेत्र सुनिश्चित हुने गरेको छ। त्यहाँको शैक्षिक आवश्यकता अभिभावक चाहना र रुचि एवम् स्थानीय वातावरण तथा सम्भावनाका आधारमा विद्यालयका विषय तथा क्षेत्रगत सेवा प्रवाहका पाठ्यक्रम र शिक्षण सिकाइ विधिका आ-आफ्नै विशेषता हुन्छन्। एकातिर सरकारको नीतिलाई विद्यालयले अक्षरस लागु गर्नुपर्ने अवस्था हुन्छ भने अर्कोतिर विद्यालय आफैले आआफ्ना स्थानीय आवश्यकता पहिचान गरी ती मागलाई पुरा गर्न शैक्षिक योजना र कार्यक्रम विकास गर्नुपर्ने हुन्छ।

विश्वप्रतिस्पर्धा आत्मसात गरी विद्यालयलाई अझ विविध विशेषतासाथ राम्रो गर्न नवीनतमनीतिनिर्माण तथा शैक्षिक कार्यक्रम योजना विकास गर्नुपर्ने हुन्छ। अतः नीति निर्माणमा सबै सरोकार पक्षको साझेदारीस्थापित गर्न विद्यालय व्यस्थापन समिति, जन प्रतिनिधि, शिक्षक अभिभावक संघ, शिक्षक प्रतिनिधि र स्थानीय तहमा उपलब्ध तथा ख्याति कमाएकाव्यवहारिक सिप र विचार प्रवाह गर्ने शिक्षाविदहरु सहितको विज्ञ समूह गठन गरी निरन्तर मूल्याङ्कन तथा प्रशिक्षणका गतिविधि कतिपय विद्यालयमा कार्यान्वयनमा ल्याइएकापनि हुन्छन्।

सामुदायिक विद्यालयहरुलाई निर्विवादित बनाउन त्यसमा सञ्चालन गर्ने साना तथा ठुला सवै योजना वा कार्यक्रमका बारेमा विद्यालय प्रशासनको प्रस्तावमा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघमा समेत व्यापक छलफल गरी निर्णयमा पुग्नु राम्रो मानिन्छ। यस तहमा पुग्न सर्वपक्षीय सहभागिता र पारदर्शिताको व्यवहार सार्वजनिक हुन सक्नु उत्कृष्ट उदाहरण मानिन्छ। सबैको सहमतिमा भएका निर्णयहरु कार्यान्वयनमा प्रायः विवाद हुँदैन र प्राप्त हुने नतिजा पनि राम्रो हुन्छ।

प्रायः विद्यालयमा कुनै निर्णयमा पुग्दा अल्पमत र बहुमत भन्ने कुरा हटाएर सर्वसम्मतबाट एकमतमा निर्णय गर्ने कुरामा जोड दिइन्छ। यसैले कुनै मत स्थापित गर्दा समाज र मानसिक विचारमा फरक मत आएमा पनि स्वीकार्य बनाउन व्यापक छलफल र प्रयास गरिन्छ। प्रायः ठूला सामुदायिक विद्यालयहरुले पनि आफ्ना समग्र गतिविधिलाई समेटेर आवधिक रुपमा स्मारिका वा वर्षेनि बुलेटिन प्रकाशित गरेका हुन्छन्।

लोकतान्त्रिक अभ्यासको जग हाल्न कुनै पनि शैक्षिक तथा विद्यालय विकासका नयाँ काम सुरु गर्नु भन्दा अगाडि प्रायः शिक्षक स्टाफ बैठकबाट प्रस्ताव तयार गर्दछन्।उक्त प्रस्तावलाई शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिमा अन्तिममा निर्णयका लागि प्रस्ताव पुराउँछन्।कतिपय विषयको निर्णय गर्ने सन्दर्भमा विद्यार्थीहरुका विचमा समूह, समूह बनाएर समस्या र समाधान प्राप्तिका उपाय पहिल्याउन व्यापक छलफलसमेत गरिन्छ ।

**घ) विद्यालयकोशैक्षिक वातावरण तथा गतिविधि**

हरेक शैक्षिक संस्था गतिशील र समयको आवश्यक्तालाई पुरागर्न सामर्थ्यवान् हुनुपर्छ।कुनै पनि मानिसलाई पूर्ण नागरिकबनाउन विद्यालयबाट नैतिकता, सदाचार र मानवीय कर्तव्य र धर्म पालना सम्बन्धी प्रदान गरिने शिक्षाले मात्र सक्छ।यी महत्वपूर्ण दायित्व र भूमिका सबै विद्यालयहरुबाट शिक्षामार्फत निःसर्त सम्बोधन हुनुपर्दछ।समूहका यिनै प्रकारका माग र दवावलाई आत्मसात गरी कतिपय सामुदायिक विद्यालयलेपुरानो शिक्षा प्रणालीको नवीन ढाँचामा सम्बर्द्धन गर्दै अंग्रेजी र नेपाली दुबै भाषाका माध्यममा कक्षा नर्सरी देखि कक्षा १२ सम्म शिक्षा प्रदान गर्दै आएका पनिपाइए।

विद्यालका हरेक कार्यक्रम विकास र लागु गर्नुभन्दा अगाडिस्थानीय समुदायका मानिस,शिक्षाविद, अभिभावक र विद्यार्थीहरुसँग पनि व्यापक राय परामर्श लिने परम्परा कतिपय सामुदायिक विद्यालयहरुले अपनाएको देखियो।सर्वपक्षीय सरोकारवालाको रायसुझावका आधारमा विद्यालयले शैक्षिक कार्यक्रम नीति तर्जुमा र कार्यान्वयन योजना बनाएर लागू गर्दाका परिणाम आशातित सफलतामा पुगेको अनुभव उदाहरणसहित प्रस्तुत गरियो।

**ङ) विद्यालयको आय व्यय**

हरेक शैक्षिक संस्थाको उन्नति र प्रगतिका लागि सामुदायिक विद्यालयको आफ्नो आन्तरिक आर्थिक सबलता र दीगोस्रोत पक्षको महत्वपूर्ण भूमिका हुन्छ।आर्थिक पक्ष दरिलो र नैतिकशील नेतृत्व प्राप्त हुँदा मात्र कुनै पनि संस्था फलदायी र जीवन्त हुन्छ।जुनसुकै भौतिक तथा शैक्षिक पूर्वाधार विकासलाई अगाडि बढाउन आर्थिक पक्षको अहम भूमिका हुन्छ।संस्थाहरु सञ्चालनमा आर्थिक पारदर्शिताप्रति अत्यन्त सचेत र सजग नभएमा सरोकारवाला पक्षमा आशङ्का जन्मिन्छ र मनमुटाव पैदा हुन्छ।अविश्वासर अपारदर्शी किसिमको घटनाले जस्ता सुकै बलिया र समृद्ध संस्थालाई पनि कमजोर बनाउँछ।तसर्थ हरेक आर्थिक वर्षभित्र विद्यालयमा भएका आम्दानीतथा खर्चलाई सर्वसाधारणको पहुँचमा पुग्ने गरी सार्वजनिक सुनुवाइ तथा लेखा परीक्षण प्रतिवेदन सरोकारवालाको पहुँचमा पुग्ने प्रबन्ध गर्नु पर्दछ।

सार्वजनिक संस्था साझा चासोका विषय भएकोले यिनका बारेमा जनताले धेरै प्रश्न तथा जिज्ञासा गर्न पाउँछन्।अतः सार्वजनिक संस्थाहरुले सरकारी नीति, नियम तथा शिक्षा ऐन, नियमको परिधि भित्र रही नियम संङ्गत तरिकाले आ आफ्ना कार्य सम्पादन गर्ने तथा आम जनतालाई सार्वजनिक रुपमा चित्त बुझ्दो रुपमा उत्तर दिनुपर्ने सार्वजनिक पदको नैतिक कर्तव्य हुन्छ ।

विद्यालयलाई समय समयमा आवश्यक पर्ने विभिन्न किसिमका फर्निचर, डेक्स वेञ्च लगायत विभिन्न निर्माण सामग्री खरिद विक्री गर्दा आर्थिक नियम, ऐनले तोकेको ढाँचामा गोप्य टेन्डर आव्हान गरी विद्यालय व्यवस्थापन समितिको रोहवरमा टेन्डर खोली योग्य र मुनासिव ठहरेका संघ संस्थालाई मात्र खरिद विक्री र निर्णय गर्ने जिम्मेवारी दिने पद्धति अवलम्बन गरिन्छ।कतिपय विद्यालयहरुको आर्थिक र शैक्षिक विषयका गतिविधिहरु विद्यालयको आफ्नै वेवसाइटमा समेत राख्ने गरेकाछन्।

### च) शिक्षक कर्मचारीको नियुक्ति र सरुवा

सामुदायिक विद्यालय व्यवस्थापनमा सबैभन्दा आलोचनाको मुख्य विषय शिक्षक तथा कर्मचारीको नियुक्ति, बढुवा र सरुवा हुने गरेको छ। शिक्षक नियुक्ति, कामको जिम्मेवारी र सरुवा तथा बढुवाको प्रमुख आधार विद्यालयको शैक्षिक गुणस्तर मानक सूचक केन्द्रित हुँदा र ती सर्त पालना गर्ने प्रस्ताव अनुरुप सहमति, सरुवा र पदस्थापना गराउँदा विवाद हुन सक्दैन। अतः विद्यालयको पठनपाठन र शैक्षिक विकासमा टेवा पु¥याउन सक्ने व्यक्तिलाई मात्र अन्य विद्यालय वा जिल्लाबाट आउन पाउने व्यवस्थाले शिक्षक नियुक्ति र सरुवा प्रणाली पारदर्शी हुने कुरा अनुगमन गरिएका विद्यालयको अवस्था अध्ययनबाट सिकियो।

साथै,सरुवा सहमतिदिने तथा शिक्षक, कर्मचारी विद्यालयमा आवश्यकता अनुसार निजी स्रोतबाट गरिने नियुक्तिमा पनि विद्यालयले तयार पारेको नियुक्तिसम्बन्धी मापदण्डलाई मुख्य आधार मानी योग्य र अनुभवी व्यक्तिलाई मात्र नियुक्ति गर्ने परिपाटीले विवाद नहुँदोरहेछ। सम्भव भएसम्म विद्यालय सेवामा नियुक्त शिक्षक कर्मचारीलाई सेवासुविधा र सम्मानमा विभेद गर्न हुँदैन भन्ने शिक्षा पनि विकास गरिएको सिकियो।

कतिपय सामुदायिक विद्यालयहरुले निजी स्रोतबाट राखिएका शिक्षकहरुको सेवा सुरक्षा गर्न प्रत्येक वर्षको आयव्यय योजनामा पाँच सात लाख रकम व्यवस्था गरी छुट्टै कोषमा राखी उपदान वा सहुलियत दिने प्रबन्ध थालेको पनि पाइयो। सरकारी दरवन्दीका शिक्षकले मात्र तालिम सुविधा पाउने र अन्य शिक्षकले पेसागत क्षमता विकास गर्न नपाउने अवस्थाले सिकाइमा नकारात्मक असर पर्ने भएकोले कतिपय विद्यालयहरुले आफ्नै स्रोतमा छोटो अवधिका तालिम पनि प्रबन्ध गरी समान प्रोत्साहन गरेको पाइयो।

### छ) नैतिक, संस्कृति विकास

सभ्य,शिष्ट र संस्कारी स्वाभीमानी नागरिक तयार पार्न शिक्षक अभिभावक र विद्यार्थीको स्वयम् मूल्याङ्कन विधि पनि कतिपय विद्यालयहरुले पारदर्शी रुपमा प्रारम्भ गरेका छन्। हरेक दृष्टिबाट विद्यालयलाई शान्त एवम् स्वच्छ वातावरणमा शिक्षण सिकाइ गर्न,गराउन दक्ष तथा अनुभवी शिक्षकहरुको तयारी तथा विकास गर्ने र उनीहरुको कार्यसम्पादनको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने विधि पनि सार्वजनिक रुपमा मिलाएका छन्।

विद्यालय प्रशासनद्वारा दैनिक कक्षा सञ्चालन, नियमित कक्षा, नीति नियम तथाअनुशासनको पालना,जीवनोपयोगी सीप र व्यवहारिक ज्ञान आचरणमा जोड दिन सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापकहरु इमान्दार देखिन थालेका छन्। व्यवहारिक शिक्षाका लागि कतिपय विद्यालयमा विद्यार्थीहरुलाई बैठक सञ्चालन, निर्णय पुस्तिका लेखन,लेखन सिप कार्यक्रम सञ्चालन तथा उद्घोषण विकास क्षमता जस्ता विकास कार्यलाई प्राथमिकता दिएका पाइन्छन्। शिक्षक तथा विद्यार्थीलाई पेसागत र अनुशासित बनाउन प्रायःविद्यालयमा १०—४ बजेसम्म मोबाइल बन्द नै हुन्छ तथा धुम्रपान जस्ता आचरण विपरितका हरकतप्रति विशेष निगरानी गरिन्छन्।

### ज) सहकार्य, संस्कृति विकास

शिक्षक र विद्यार्थीको सुमधुर सम्बन्ध कायम गर्नप्रायः विद्यालयहरुले प्रत्येक कक्षामारुटीन टाँस र शिक्षकको नाम व्यवस्था गरिएको छ। शिक्षण र सिकाइ उपलब्धिका विषयमानियमित रुपमा शिक्षक स्टाफ बैठक एवम् विविध छलफल तथा अन्तर्क्रिया हुन्छ। विद्यालयका तहगत, कर्मचारी, शिक्षक विद्यार्थीहरु बीच

आन्तरिक पक्ष आदि विषय तथा शिक्षण सिकाइ र यससंग सम्बद्ध समस्या र समाधानका सन्दर्भमा सचेतता अपनाइएको छ। नियमित रुपले वि.व्य.स., शि.अ.सं., शिक्षक-स्टाफ तथा विद्यार्थीहरु वीच संयुक्त वृहत छलफल एवं अन्तक्रियाका विद्यालयहरुमा थालिएका छन्। विद्यार्थी तथा शिक्षकहरुकै सहकार्यमाहरित विद्यालय वातावरण निर्माण संस्कृति विकास प्रतिविशेष ध्यान पुगेको छ।

प्रायः विद्यालयहरुलेविद्यार्थी अनुपस्थिति हुने र कक्षाबाट भाग्ने प्रवृति रोक्न नियमित रुपमा एसेम्वली गर्ने, कक्षा कक्षामा हाजिरीहरुमा विशेष निगरानी गर्ने,साथै ०—६ कक्षासम्मका विद्यार्थीलाई १८० दिन दिवा खाजा सरकारले उपलब्ध गराएपनि कतिपय विद्यालयहरुले आन्तरिक रुपमा व्यवस्थापन गरी २१० तथा २२० दिनसम्म खाजा खुवाउने र कक्षा चलाउने गरेको पनि पाइयो। छ कक्षा माथिका छात्राहरुका लागि विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था हुनाले छात्राहरुको नियमितता ह्वात्तै बढेको छ। दिवा खाजा र स्यानिटरी प्याड उपलब्धताले शिक्षण सिकाइमा धेरै सकारात्मक नतिजा निकाल्न सहयोग पुगेको छ।

प्रदेशगत रुपमा प्रदेशका सरकारहरु मार्फत कक्षा आठदेखि माथिका कक्षामा अध्ययनरत विद्यार्थीहरुका लागि कतै साइकलको व्यवस्था, विज्ञान शिक्षा प्रोत्साहन छात्रवृत्ति जस्ता प्रोत्साहन विद्यालय नर्सको व्यवस्था हुनाले विद्यालयमा उनीहरुबाट स्वास्थ्य शिक्षा र छात्राहरुले धेरै लाभ पाएका छन्। साथै, विद्यालयहरुबाट समाजका विपन्न असहाय र विशेष प्रतिभाहरुले विद्यालयको आन्तरिक स्रोतबाट सहयोग पनि पाइरहेछन्। विज्ञान प्रविधि र शिक्षणमैत्री वातावरण निर्माणमा पनि पछिल्लो चरणमा प्रदेश सरकार पनि सहभागी छन्। कतिपय विद्यालयमा वालविकास कक्षा सञ्चालन एवं व्यवस्थापनका साथै,कक्षा १-३ सम्मका बालबालिकाका लागि स्टडि राउण्ड टेवलको व्यवस्था र आराम कक्षहरु प्रारम्भ गर्दै विस्तारै विद्यालयमा थपिँदै गएका छन्।

प्राविधिक धारतर्फ कक्षा ९—१२ को विभिन्न विषयमा पठनपापठन सञ्चालनबाट धेरै विद्यार्थी स्थानीय तहमा नै सीपयुक्त हुँदैछन्। विद्यालयमा प्राविधिक धारतर्फ आठ विषय र एक घण्टा थप अध्यापनगर्नुपर्ने व्यवस्थालाई पनि विद्यार्थीले सहज रुपमा स्वीकारेका छन्।

विद्यालयको सर्वोपरि हितमा शिक्षक तथा कर्मचारीको नियुक्ति, शिक्षक, विद्यार्थी लगायत वि.व्य.स. र शि.अ.सं.का बीच खुल्ला रुपमा छलफल तथा अर्न्तक्रिया, प्रविधिमैत्रीशिक्षणमा जोड दिन कुनै कन्जुस्याइँ नगरिएको देखिन्छ। प्रत्येक शुक्रवार अतिरिक्त क्रियाकलाप (हाजिरी जवाफ, गीत संगीत, निवन्ध, व्यक्तिगत प्रतिभा विकास, खेलकुद आदि सम्बन्धमा) सञ्चालन अनिवार्य र प्रभावकारी बनाइएका छन्। नियमित प्रार्थना सभामा स्वास्थ्य, शैक्षिक लगायत विविध सूचना तथा जानकारी विद्यार्थीलाई दिने प्रचलन विद्यालयहरुमा प्रशस्त बढेको छ। विद्यालयमा सूचना अधिकारी तोक्ने र गुनासो पेटीकाको व्यवस्था गरी पिरमर्का सुन्ने प्रबन्ध तथा अभिभावकहरुसंग निरन्तर सहकार्य समन्वय गर्ने प्रणाली अगाडि बढाइएको छ।

कतिपय विद्यालयहरुमा विद्यालयमा दिवा खाजा प्रबन्ध नगरी विद्यार्थीहरुलाई घरबाटै खाजा व्यवस्थापन गर्न र मासिक रकम उपलब्ध गराइएको छ। सबैले विद्यालयमा खाजा प्राप्त गर्न थालेपछि १०-४ बजेसम्म विद्यालयमा अनिवार्य बस्नु पर्ने नीति नियम जारी गरी कडाइका साथ कार्यान्वयनमा उतारिएका छन्। दिवा खाजा व्यवस्थाले विद्यार्थीको टिकाउ समय र सिकाइ उपलब्धिमा फड्को मारेको छ। प्रायः विद्यालयहरुमाशुद्ध खानेपानी सरसफाइ तथा पर्याप्त पानीका टयाङ्की सहित शौचालयमा धारा व्यवस्थापन गरिएका छन्। पूर्णकालीन स्वीपरको व्यवस्था,कक्षाकोठामा बत्ती तथा पंखाको व्यवस्था गरिएका छन्।

भूगोल र स्थान विशेषका आधारमा भवनहरुकोप्लाष्टर तथा निर्देशन अनुसार विद्यालयको रंगरोगन लगाइएका छन्। कक्षाकोठाहरुमा सेतोपाटीको व्यवस्था, कम्प्युटर, प्रोजेक्टर तथा स्मार्ट बोर्डमार्फत

प्रतिनिधिमूलक सिकाइको व्यवस्थागरिएका छन्।सबै कक्षाका विद्यार्थीहरुको पहुँच प्रविधिमैत्री सिकाइमा पुराउन आलोपालो समय पुग्ने गरी व्यवस्था मिलाइएका छन्।शैक्षिक उन्नयनका सन्दर्भमाबालबालिकाकाबालकेन्द्रित पठन सामग्री मूनाजस्ता बालपत्रिका तथाठूला विद्यार्थीका लागि युवामञ्च जस्ता उत्प्रेरक सामग्रीसहित शिक्षकका लागि शिक्षक मासिक तथा गोरखापत्र जस्ता दैनिक पत्रपत्रिकाहरुको व्यवस्था गर्न पनि विद्यालयहरुले ध्यान पुराएका छन्।

## परिच्छेदः तीन
## रुपान्तरणको दवावमा सामुदायिक विद्यालयहरु

विगतमा केही दशकदेखि नेपाली समाजमा निजी विद्यालयको प्रभाव र दवाव बढ्दो छ। यो अवस्थाको विश्लेषण गर्दा एउटा उदाहरण झापा सदरमुकाम भद्रपुर न पा मा ६२ स्कुल छन् तिनमा ३१ सामुदायिक र ३१ संस्थागत विद्यालय छन्।ती ६२ विद्यालयहरुमा २०७९ सालमा १७,८०० विद्यार्थी भर्ना भएका थिए।तीमध्ये निजी विद्यालयमा ९,६०० र सामुदायिक विद्यालयमा ८,२०० मात्र सहभागी थिए।सदरमुकाम भएको भद्रपुर झापाको सामाजिक बनोट जातजातिको अवस्था अनुसार सामुदायिक विद्यालयभन्दा १४ सय बढी विद्यार्थी निजी विद्यालयमा भर्ना छन् भने, आर्थिक समृद्धि र आयस्रोत भएका पूर्वपश्चिम राजमार्गसित जोडिएका विर्तामोड, दमक, इटहरी, विराटनगर, लहान , बर्दिवास, हेटौँडा, चितवन, बुटवल, नेपालगञ्ज, धनगढी आदि जस्ता राजमार्गमा अवस्थित शहर तथा ठूला ठूला शहरका बासिन्दाको निजी विद्यालयप्रतिको आकर्षण कति होला निजी विद्यालयको वर्चस्व भएको क्षेत्रमा सामुदायिक विद्यालयको हालत के होला ? राजधानी उपत्यका, शहरी क्षेत्रका, राजमार्ग आसपासका बस्ती, प्रदेशमुकाम, जिल्ला सदरमुकाम र स्थानीय तहका मुकाम र विकासोन्मुख क्षेत्रका बासिन्दा बाहुल क्षेत्रमा निजीको दबदबा हुँदा पचास पचास प्रतिशत विद्यार्थी सामुदायिक र संस्थागत विद्यालयमा हुनुपर्ने आँकलन गर्न सकिन्छ । तर सामुदायिक विद्यालयहरूले निजीको यस किसिमको प्रभावलाई निस्तेज पार्दै पछिल्लो अभ्यासमा सामुदायिक विद्यालय सुदृढीकरण गर्न थालेका छन्।शायद यिनै कारणले सामुदायिक विद्यालयहरु प्रतिस्पर्धाका लागि शुल्क उठाउन, सेवा विस्तार गर्न र यातायातका साधन सञ्चालन गर्न बाध्य भएको अनुमान गर्न सकिन्छ।

### सामुदायिक विद्यालय व्यवस्थापन सम्बद्ध प्रश्नहरु

#### क) शिक्षण माध्यम तथा भाषाका मुद्दा

सामुदायिक विद्यालयमा नेपाली माध्यमको पठनपाठनभन्दा अङ्ग्रेजी धार र त्यसका समूहलाई प्राथमिकता किन ? भन्ने अनुगमनकर्तालाई प्रधानाध्यापक तथा शिक्षकहरुले सहजै दिन प्रत्युत्तरलाई आश्चर्य मान्नुपर्ने देखिए।कारण प्रायः शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षण सिकाइ लगायत विविध पक्षहरुमा अभिभावक र स्थानीय समुदायको माग अङ्ग्रेजी भाषा र माध्यम लागू गर्न उच्च र दवाव भएको छ।यसले प्रायः सामुदायिक विद्यालयमा नेपाली र अङ्ग्रेजी भाषा धारको पढाइ हुने व्यवस्था गरेको पाइयो।

शिक्षा सम्बद्ध हरेक मुद्दामा निर्णयमा पुग्न विषय समिति वा सम्पूर्ण स्टाफहरुको बैठक प्रायः नियमितबस्ने गरेको देखियो।विद्यालयहरुलेत्रैमासिक परीक्षाहरु सञ्चालन, व्यवस्थापन र नतिजा प्रकाशन जस्ता कार्यलाई व्यवस्थित तथा पारदर्शी गर्दै अभिभावकहरुलाई तिनका विद्यार्थीहरुको उपलब्धि अवस्थालाई गोप्यतासाथ निरन्तरपृष्ठपोषणको व्यवस्था गर्न, गराउन राम्रा उत्कृष्ट सामुदायिक विद्यालयहरुले

सकेका पाइन्छन्।विद्यालयको संरचना अनुसार तहगत विषयका शिक्षकहरु बीचमा आपसी समन्वय,सहकार्य गर्न विद्यालयहरुमा छुट्टै संयोजक तोक्ने तथा विषयगत समिति गठन भएका छन्।अनुगमन भएका प्रायः सबै जसो विद्यालयमा प्रशासनिक,आर्थिक तथा शैक्षिक पक्षका जिम्मेवार पदाधिकारी तोकिएका र जवाफदेही बनाइएका छन्,जुन महत्वपूर्ण पक्ष लाग्दछ।

ख)**पोशाक र पहिचानका मुद्दा**

कतिपय विद्यालयका प्रधानाध्यापक शिक्षक तथा विद्यार्थीसमेतलाई सोधियो टाई बेल्ट शिक्षाका लागि अनिवार्य तत्व हो।यी पोशाकसित गुणात्मक शिक्षाको सम्बन्ध के छ ? यो जिज्ञासमा कसैको सोच हामी निजीभन्दा फरक छैनौं भन्ने द्योतक हो।कसैको दृष्टिमा संसारमा चलेको पोशाक सभ्यता र शिष्टताको सङ्केत हो।कतिले भने थाह छैन तर लगाउनु पर्ने नियम भएकोले पालना गरेको र कोहीले भने कुनै उत्तर नै दिएनन् ।

विचित्र दृश्य एउटै सामुदायिक विद्यालयमा पनि नेपाली धारका विद्यार्थी पोशाक अङ्ग्रेजी धारका विद्यार्थी धारका पोशाक प्राविधिक धारका कक्षा ९ —१२ का पोशाक आधारभूत तहको पोशाक माध्यमिक तहको पोशाक प्रिडिप्लोमा र डिप्लोमा तहका विद्यार्थीको पोशाक फरक फरक रङ्गमा कार्यान्वयन गरेका पनि देख्न पाइयो। पोशाक फरक हुनुको कारण पहिचानका लागि मात्र हो भनियो तर कुनै न कुनै भेदभाव वा मानसिक फरक पनको असर विद्यार्थीमा पर्दछ भन्ने ध्यान नपुगेको अध्ययनले देखायो।

ग)**यातायात सुविधा वा प्रतिस्पर्धा**

विद्यालय शिक्षा स्थानीय तहको व्यवस्थापनमा सञ्चालन हुने संवैधानिक प्रावधान छ।यसको ठिक विपरित ५० औं किमि टाढाबाट यातायात साधन प्रयोग गरी विद्यार्थी बोक्ने प्रवृत्ति बढेको छ।यो सन्दर्भलाई जोड्दै राखिएका प्रश्नमा सामुदायिक विद्यालयहरुका प्रत्युत्तर पनि अति कडा पाइए।उनीहरु भन्छन्, विद्यालय सेवा क्षेत्र किटान नहुनु शिक्षा सिकाइको गुणस्तर निर्धारण मानक सूचक मापदण्ड नहुनु शिक्षामा प्रारम्भिक बालविकास देखिनै निजी क्षेत्रलाई खुला रुपमा प्रवेश गराउनु, अभिभावक र विद्यार्थीलाई वैयक्तिक रुपमा पठनपाठनको छनौटमा रुचि वा धनसम्पत्तिका आधारमा विद्यालय चयन गर्न पाउने नीति हुनु उदारीकरण नीतिमा शिक्षा प्रणाली खुला गरिनु।यिनै शिक्षा नीतिमा भएका कमजोर प्रावधानका कारण निजी क्षेत्र एकहोरो हावी हुनु मुख्य समस्या हुन्।यसैले सरकारी लगानीका सामुदायिक विद्यालयहरु प्रतिस्पर्धी हुन सकेनन्।

फलतः समाजका आर्थिक मोटा, प्रतिष्ठित व्यक्तित्व, राजनीतिज्ञ, प्रशासक, व्यवस्थापकहरुमाथि निजी विद्यालयहरुले एकाधिकार जमाए।पछिल्लो अभ्यासमा निजी विद्यालयहरुले दैनिक ५०।६० किलोमिटर दूरीका गाउँ गाउँका बस्तीसम्म बच्चा बोक्ने यातायात साधन पुराउन थाले।अभिभावक र बच्चाहरुमा समेत यातायात साधनप्रति आकर्षण र समाजमा आफूलाई फरक देखाउने मौकाको भावना जाग्यो।यसैले बाध्य भएर सामुदायिक विद्यालय बन्द गर्ने वा प्रतिस्पर्धाका लागि जनताका बीचमा पुग्ने भन्ने सोचाइको निचोडमा पुग्न बाध्य भएर यातायात साधन चलाउन बाध्य तथा सिमा नाघ्न बाध्य हुनु परेको हो।अनुगमन गरिएका सामुदायिक विद्यालयमध्ये २५ प्रतिशत भन्दा धेरै विद्यालयहरुसंग पछिल्लो चरणमा एकदेखि दशवटासम्म बसबाट विद्यार्थी ल्याउने र लैजाने सुविधा उपलब्ध छ।यातायात सञ्चालन विद्यालयका लागि शरीरको गहनाझैं शोभाको खर्च हुनाले अति महङ्गो पर्ने भएपनि बाध्यता भएको उनीहरुको कथन रह्यो ।

**घ) सामुदायिक सुदृढीकरणका पक्षमा निर्मित उत्तरहरु**

सामुदायिक विद्यालयमा सरकारी लगानीका जनशक्ति हुँदा पनि पैसा तिरेर पढ्नुपर्ने भएपछि अभिभावकले तपाईहरुलाई नै किन रोज्ने ? भन्ने अनुगमनकर्ताको प्रश्न। त्यसमा सामुदायिक विद्यालयका व्यवस्थापकहरुका धारणा अति मननीय पाइए। भौतिक पूर्वाधार विकास खर्च विद्यार्थीले तिर्नु पर्दैन। शेयर लगानीका रुपमा लाभ र लाभांश उठाउनु पर्दैन। सामुदायिक विद्यालय निजी कम्पनी नहुनाले फाइदा र घाटाको कुनै कुरा हुँदैन। शिक्षण शुल्क तथा सहयोग शुल्कको निर्धारण केवल शिक्षक र कर्मचारी व्यवस्थापन र सञ्चालनमा आवश्यक पर्ने खर्चका लागि मात्र हुन्छ।

विद्यालयमा शिक्षक कर्मचारी नियुक्त गर्दा सरकारी नियम, कानून र मापदण्ड पालना गरेर शिक्षण अनुमति पत्र लिएका योग्य र सक्षम नागरिकबाट हुन्छ। सामाजिकीकरण र सामुदायिक अपनत्वबोध गर्ने गराउने शिक्षा संस्कार विकासमा सामुदायिक विद्यालय अब्बल छन्। निजी विद्यालयमा मासिक दश हजार तिरेर प्राप्त गर्ने सेवासुविधा र गुणात्मक शिक्षा लिन सामुदायिक विद्यालयमा बढीमा तीन हजार पनि तिर्नु पर्दैन। सस्तो लगानीमा गुणस्तरीय शिक्षा साझा सम्पत्ति कै संस्थाले दिन्छ भने अभिभावकले सहकार्य किन नगर्ने र सामुदायिक विद्यालयलाई किन नरोज्ने ?

**ङ) सामुदायिक विद्यालय सफलता रहस्य के ?**

सामुदायिक विद्यालय भनेपछि नाक खुम्च्याउने अभिभावक, नामै सुन्न नचाहे विद्यार्थीहरु पछिल्लो समयमा सामुदायिक विद्यालयमा खचाखच भरिने गरी विद्यार्थी भर्ना हुनु, पठनपाठनमा आमूल रुपान्तरण हुनुको मुख्य रहस्य के ? भन्ने प्रश्नको उत्तर पनि रोजक नै पाइन्छ। विद्यालयका सबै पदाधिकारीलाई जिम्मेवारी सहित कार्यविभाजनतहगत रुपमा गरिन्छ। अत्तिरिक्त क्रियाकलाप, खेलकुद, आदि संयोजकहरुको छुट्टा छुट्टै व्यवस्थापन गरिएको छ। शिक्षण सिकाइका लागि कक्षाकोठामा शिक्षकले विताउने समयमा विशेष निगरानी हुन्छ।

शिक्षकको श्रम र पेसागत निष्ठाका कारण सिकाइ उपलब्धिमा बृद्धि, प्रविधिमैत्री शिक्षणमा जोड पुगेको छ। निर्माणात्मक र निर्णयात्मकमूल्याङ्कन प्रणाली अन्तर्गत प्रथम त्रैमासिक लगायत अन्य परीक्षा सञ्चालनएवं विद्यार्थीहरुको प्रत्यक्ष उपस्थितिमा नतिजा प्रकाशन गरिन्छ। शिक्षकको जिम्मेवारीमा कक्षा शिक्षण लगायत विद्यार्थीहरुको क्रियाकलाप एवं व्यवहार अवलोकनका लागि विशिष्टीकरण अनुरुपअभिलेख व्यवस्थापन गर्दै विद्यालयहरु रुपान्तरणमा जान थालेको देखिन्छ।

अनुगमनमा पुगेका कतिपय विद्यालयहरुले कक्षाकोठाहरुमा सीसी क्यामराको जडान गरेर त्यसको भरपूर सदुपयोग गरेका छन्। विद्यालयमा सीसी क्यामरा जडानले विद्यार्थी शिक्षकको कार्यव्यवहारको गोपनीयता अवलोकन प्रजातान्त्रिक हक अधिकार र वैयक्तिक स्वतन्त्रताका दृष्टिले कति उचित ? प्रश्न गर्दा ती विद्यालयका प्र अहरुले भने विद्यालय कक्षाकोठा र शिक्षण सिकाइ चरित्र निर्माण असल, सभ्य र शिष्ट नागरिक उत्पादनका लागि हुन्।

ठूलाले सानालाई प्रोत्साहन, सम्मान र प्रेम गरुन् र सानाले ठूलालाई आदर र अनुकरणीय कुरा सिकून् भन्नाका लागि हो। यसर्थ सिसी टिभी जडानका फाइदै र फाइदा छन् र कुनै नोक्सान र दुरुपयोग भएको छैन। साथै विद्यालयमा समय पालनाका सन्दर्भमा शिक्षक तथा कर्मचारीका लागि ई-हाजिरीको व्यवस्था गरिएका छन्। आधुनिक विज्ञान, प्रविधि पच्छ्याउँदैऐच्छिक विषयको रुपमा कक्षा ४, ६ र ८ बाटै कम्प्युटर विषयको शुरुवात गरेको पनि पाइयो।

### च) सामुदायिक विद्यालयका पछिल्ला सवल पक्षहरु

संघ,प्रदेश तथा स्थानीय तहबाट नमूना प्रस्ताव भई आर्थिक सहयोग पाएका सामुदायिक विद्यालयहरुले पञ्चवर्षीय गुरुयोजनाको निर्माण गराएका छन्।विद्यालय विकास प्रस्तावका आधारमा पूर्णकालीन प्रशासकीय अधिकार सम्पन्न करार सहित निर्देशिका बमोजिम प्र.अ.को व्यवस्थापन पनि प्रारम्भ गरेका छन्।नमूना प्रस्तावमा परेपछिविद्यार्थीको अनुपातमा केही थप शिक्षक सुविधा तथा कार्यका आधारमा कर्मचारीको करार नियुक्तिमा आर्थिक सहयोग प्राप्त हुनाले नतिजा प्रभावकारी देखिन्छ।शिक्षक तथा कर्मचारीहरुले थप अतिरिक्त सुविधा पाएकोले शिक्षण सिकाइमा राम्रो प्रभाव देखियो।केही मात्र विद्यालयमा जनशक्तिको व्यवस्थापनबाट पुस्तकालयको थप सुदृढीकरण, प्रयोगशाला (भौतिक, रसायनिक, जिव विज्ञान,गणित तथा कम्प्युटरहरुको व्यवस्थितीकरण)मा नेतृत्वबाट विशेष ध्यान दिन थालिएको रहेछ।विद्यालयहरुमा सुविधा जनक र आकर्षक फर्निचर व्यवस्थापनबाट प्र अ, शिक्षक कक्ष र कक्षाकोठासम्मको बसाइलाई आकर्षक र मनोरम हुने वातावरण मिलाइएका छन्। तापनि आर्थिक पक्ष,बढी लगानी आवश्यकता पर्ने र सीमित विद्यालयले यस्ता सुविधा प्राप्त गर्ने र अन्य पहुँच नभएका दुर्गम, विपन्न समुदायका विद्यालयहरूको अवस्था सुधार्न आर्थिक लगानी बढाउन पनि शहरी क्षेत्रमा लाभ लागतका आधारमा शिक्षा प्रबन्ध गर्न सामुदायिक सहभागिता बढाउन आवश्यक देखिन्छ।

### छ) सरोकारवालाका धारणा समीक्षा

सामुदायिक शिक्षा सुदृढीकरणका मुख्य बाधक समस्या के हुन् ?भन्ने अनुगमनकर्ताको प्रश्नमा अनुगमनमा पुगेका प्रायः सबै स्थानीय तह, जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ, शैक्षिक तालिम केन्द्र तथा विद्यालयहरु आफैसँग एकीकृत कुनै उत्तर छैन।आपसमा आन्तरिक अन्तरक्रिया गरी यी विषयमा यसरी अगाडि बढ्नु पर्दछ भन्ने स्थानीय तहसंग आफ्नै खासै विशेष कार्यक्रम र योजना पाउन कठिन लाग्यो।स्थानीय तहहरुको भूमिका केवल सूचना राख्ने र सामुदायिक तथा संस्थागत विद्यालयको संख्या र विद्यार्थी चापको तुलनामा मात्र सिमित पाइयो।

साधन स्रोत र समुदायलाई जोड्ने र अत्यधिक लाभ लिने शैक्षिक योजना विपरित विद्यालय सञ्चालनमा सम्बद्ध प्रायः सबै विद्यालयका अगुवा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा शिक्षकहरुबाट पाउने उत्तर प्रायः एउटै प्रकृतिको सुनियो।भौतिक पूर्वाधार पुगेन कक्षा कोठाको थप व्यवस्था हुनुपर्ने, पुस्तकालयमा नयाँ नयाँ कितावको व्यवस्था हुनुपर्ने, शिक्षण सिकाइ प्रविधिमैत्री हुनुपर्ने तथा प्रत्येक शिक्षकका लागि ल्यापटपको व्यवस्था हुनुपर्नेजस्ता माग र आवश्यकता सुनियो।तर हामी यी यी काम गर्न प्रतिवद्ध छौं भन्ने विरलै सुन्न पाइयो।

केही ठुला विद्यालयहरु,एउटै समयमा कक्षा ०—१२ सञ्चालन गर्नुपर्दा विद्यार्थी चापको धेरै दवावमा हुनाले व्यवस्थापनमा भौतिक र शैक्षिक पूर्वाधारमा जुट्नु परेको तथा अन्य पक्षमा सोच्नै नपाएको प्रत्युत्तर पाइयो।त्यस्ता केही विद्यालयहरुले कक्षाकोठाहरुमा स्मार्ट बोर्ड,मल्टीमिडिया र सूचना प्रविधि तथा पुस्तकालय उपयोगसंग शिक्षकलाई जोड्न सक्ने गरी शिक्षक पेसागत क्षमता वृद्धि तथा वृत्ति विकास, पदोन्नति गर्नका लागि थपआर्थिक लगानीमा सरकारको ध्यान जानुपर्ने आवाज पनि सुनियो।उनीहरु कै अनुभवमा भएका शैक्षिक पूर्वाधारका सामग्री ल्याव पुस्तकालय कम्प्युटर र मल्टिमिडिया सूचना प्रविधिका उपकरणहरु उपयोगभन्दा सजावट मात्र हुनुमा दक्ष सिपयुक्त जनशक्ति नहुनु हो भन्ने कुरा स्पष्ट गर्न चाहिँ पछाडि परेनन्।

## परिच्छेदः चार
## सामुदायिक विद्यालयका विशेषताहरुः

प्राय धेरै साधारण विद्यालयहरु आफूलाई फरक विशेषतामा पहिचान दिन, छुट्टै नमूनाको पहिचान हुन वा रुपान्तरण हुन वा विशिष्टीकृत खोजीको हुन चाह्दा रहेछन्। यसैले पछिल्लो अभ्यासमा प्रायः सबै स्थानीय तहमा कुनै न कुनै सामुदायिक विद्यालयमा कक्षा ९—१२ सम्मको साधारण शिक्षा पहुँच विस्तार अनिवार्य होस् तथा प्राविधिक धारकोविषयको पठनपाठन गर्न,गराउन पाइयोस् भन्ने दवाव उच्च रहेछ। संघ,प्रदेश र स्थानीय तहको समेत आर्थिक सहयोगमा प्राविधिक धारका विषय पढाइका लागि पूर्वाधार विकास र सेवा सुविधा पनि विस्तार हुँदै गएको रहेछ।

कतिपय स्थानीय तहले आफै संयोजन गरी स्थानीय तहका सबै सामुदायिक विद्यालयहरुको सहभागिता सुनिश्चित गरी विषयगत समिति गठन तथा पेसागत पृष्ठपोषणका लागि विज्ञ समूहको व्यवस्थाबाट पेसागत सहजीकरण गर्ने जनशक्ति परिचालन सम्म गर्दै आएका रहेछन्। कतिपय विद्यालयहरुले आधुनिक प्रविधिद्वारासबै कक्षामा पठनपाठनको प्रबन्धका साथै, प्रदेश सरकारको तर्फबाट कतिपयविद्यालयमा नर्स (स्टाफ नर्स) को व्यवस्थाबाट प्रशस्त लाभ प्राप्तगरेका छन्।

विद्यालयहरुमा शुद्ध खानेपानी तथा शौचालयको राम्रो व्यवस्था मिलाइएका छन्। प्रायः धेरै विद्यालयहरुमा पुस्तकालय, प्रयोगशालाहरु (विज्ञान, कम्प्युटर तथा गणित) को व्यवस्थामात्र होइन फिजिक्स, केमिष्ट्री र बायोलोजी जस्ता विषय क्षेत्रका छुट्टाछुट्टै राम्रा सजावट र सामग्रीले भरिभराउको अवस्थामा आकर्षक बनाएका छन्। अनुगमन भएका करीब ७५ प्रतिशत भन्दा बढी राम्रा र उत्कृष्ट ठानिएका विद्यालयहरुमा विज्ञान तथा प्राविधिक धार विषय क्षेत्रका ल्याव विकास गरिएका छन्। प्रत्येक कक्षाकोठामा राम्रो, सम्पन्न र सुविधामध्ये विद्युत, चिम र पंखा तथा केही कक्षाहरुमा सिसि क्यामेराको व्यवस्थागरेका छन्। करीब दश प्रतिशत विद्यालयहरुमा प्रधानाध्यापक कक्ष र समग्र विद्यालय पक्ष अवलोकन हुने प्रबन्धका साथै, कक्षा कक्षामा समेत दोहोरो सूचना प्राप्त गर्ने संयन्त्रसमेत विस्तार भएका छन्।

### बाह्य आवरणमा विद्यालयहरु

भौतिक, शैक्षिक तथा व्यवस्थापन जस्ता सम्पूर्ण पक्षहरुमा विद्यार्थी तथा शिक्षकहरुलाई गुणस्तरीय सेवासुविधा वृद्धि गर्न जोड गरिएका छन्। कक्षाकोठामा शिक्षकलाई सहजकर्ता बनाएर विद्यार्थी केन्द्रित सिकाइ सक्रियतामा विशेष जोड दिन थालिएको छ। विद्यालयका शैक्षिक क्रियाकलापका सम्पूर्ण कार्यहरुमा सरोकारवाला पक्षसँग छुट्टाछुट्टै समूह बनाएर रायसुझाव सर-सल्लाह गर्ने पद्धति थालिएको छ।

सर्वपक्षीय सहभागितामा निर्णय गर्ने प्रजातान्त्रिक संस्कार र पारदर्शी प्रणाली विकास गर्न थालिएको छ। आपसी सहभागिता र समन्वयसहित कार्यान्वयन गर्ने, सरसफाइ लगायत हरित विद्यालय परिसर निर्माण गरी शान्त वातावरण सिर्जनामा जोड गरिएको छ। कतिपय सामुदायिक विद्यालयहरु नमूना प्रस्ताव सहितको थप विज्ञान समूह र प्राविधिक धारका विषय सञ्चालन गर्ने विद्यालयमा रुपापन्तरण भएका छन्। केही वर्ष पहिला सुनसान र पातलो विद्यार्थी संख्यामा विद्यार्थी हुने विद्यालयहरु भीडभाड र आकर्षणका स्थल बनिरहेछन् र समुदायको सहयोगमा फस्टाउँदा छन्।

**जनशक्ति व्यवस्थापनमा विद्यालय**

अध्ययनमा पुगेका सामुदायिक विद्यालयहरुमा सरकारी तहबाट प्राप्त शिक्षक दरबन्दी अति कम भएको तथा स्थानीय जनताको सहयोगमा प्रायः राम्रा भनिएका सबै विद्यालयले थप शिक्षक व्यवस्था गरेका पाइन्छन्। ती विद्यालयमा कुल सरकारी दरवन्दीभन्दा कम्तिमा दश र अधिकतम दुई सय प्रतिशतसम्म पनिआन्तरिक जनशक्तिको व्यवस्था स्थानीय तहका विद्यालयमा गरिएका छन्। विस्तृत विवरण अनुसूचीमा हेर्न सकिन्छ।

प्रविधिमैत्री सूचना व्यवस्थापनमा प्रायः प्रशासन लगायतका क्षेत्रहरुमा इन्टरनेटसहितका कम्प्युटरको प्रयोग पूर्ण रुपमा हुने सुनिश्चितता माध्यमिक तहमा विकास भएको छ। शिक्षण सिकाइमा तहगत शिक्षकहरुको छुट्टाछुट्टै बैठक बसेर कक्षा सिकाइ र विषयगत उपलब्धि नियमित समीक्षा गर्न थालिएको छ। जनशक्तिलाई जिम्मेवार र जवाफदेही बनाइएको छ।

**सामुदायिक संलग्नता र सक्रियतामा विद्यालय**

विद्यालय व्यवस्थापन समिति विशेष रुपमा सक्रिय हुँदा र जनविश्वास जित्दा स्थानीय सामुदायिक विद्यालयहरुमा जनताको आकर्षण थपिँदा विद्यार्थी चाप ह्वात्तै बढेको छ। सामुदायिक विद्यालय सुदृढीकरणका लागि पर्याप्त आर्थिक स्रोत अभिभावकसहित विभिन्न दाताहरुबाट समेत व्यापक जुटेको देखिन्छ। विद्यालयहरुको शैक्षिक गतिविधि तथा उपलब्ध भौतिक पूर्वाधार मूल्याङ्कन गरी भविष्यमै प्रयोगशाला तथा पुस्तकालयहरुको थप विस्तार अनिवार्य हुने सङ्केत गर्छ। विद्यालयमा उपलब्ध ती शैक्षिक सामग्रीहरुको विद्यार्थी र शिक्षकबाट समुचित उपयोग र व्यवस्थापन हुने, कक्षाकोठाहरुसमेतको आवश्यकता हुने क्रम अध्ययनले अनुमान गर्न सहयोग गर्यो।

नमुना माध्यमिक विद्यालय प्रस्ताव घोषणासगैं जिल्लास्तरमा नमुना विद्यालय मध्येआफ्नो विद्यालय कसरी उत्कृष्ट हुने प्रायः सञ्चालक तथा प्रधानाध्यापकहरुमा उच्च प्रतिस्पर्धाको भावनार सिर्जनशीलता बढ्दै गएको अनुभव गरियो। नमुना विद्यालय घोषणा भएपछि विद्यालयले प्रस्ताव गरेका गुरुयोजना बमोजिम विद्यालयमा भएका परिवर्तन तथा सबलपक्षहरुसाँच्चै अन्य आसपासका सामुदायिक विद्यालयका लागि सिकाइमूलक पाइए। शिक्षकहरुलाई पेसागत क्षमता र विज्ञान प्रविधियुत्त शिक्षामा सहयोगी बनाउन आवश्यक छ भन्ने देखायो। यसका लागि एक शिक्षक एक ल्यापटव सुविधा पनि कतिपय विद्यालयहरुले व्यवस्था गरेको पाइयो।

**सामुदायिक विद्यालयमा जनसहयोगका हातहरु**

अनुगमनमा पुगेका कतिपय सामुदायिक विद्यालयहरुको आश्चर्यजनक सफलता,बालबालिका तथा अभिभावकको आकर्षणले धेरै कौतुहलता जगाउनु स्वाभाविक हो। चमत्कारिक रुपान्तरणका पक्षमा जिज्ञासा हुनु र प्रश्न गर्नु अवलोकन कर्ताको धर्म हुन्छ। यसैले निर्धक्क प्रश्न गरियो र प्रश्न गर्दा कुनै कुरा नलुकाएर विद्यालयका प्रधानाध्यापक शिक्षक र व्यवस्थापकहरुले स्पष्ट भने हामी अभिभावक सहयोग शुल्क लिन्छौं। कुल खर्चमा सरकारी बजेटभन्दा धेरै आन्तरिक स्रोत उठाउनुपर्ने र खर्च गर्नुपर्ने अवस्था छ।

अभिभावकहरु सहयोग गर्न तयार छन् भन्ने थप प्रश्न गर्दा एकस्वरमा जवाफ आउँछ सामुदायिक विद्यालयले दिएको गुणात्मक शिक्षा लिन निजी विद्यालयमा गए मासिक दश हजार सम्म तिर्नु पर्दछ । तर सामुदायिक विद्यालयले देशभरी जहाँ पुगेपनि साधारण प्रकृतिका विषयमा १५ सयभित्र र विज्ञानतर्फ बढीमा २५ सय तीन हजारभन्दा बढी लिदैंन र वार्षिक ३५ हजार तिरे पुग्छ।

सामुदायिक विद्यालय कक्षा ९—१२ पढ्ने विज्ञान विषयका विद्यार्थीले पनि बढीमा वार्षिक ३५ हजारसम्म तिर्नुपर्ने सामाजिक न्यायका दृष्टिले कुनै अन्याय होइन र स्थानीय तहमा त्यो सुविधा उपलब्ध हुनु अत्युत्तम हो प्रत्युत्तरमा भनिन्छ। उनीहरुका भनाइमा नेपाली धारको शिक्षा पढ्ने आधारभूत तह तथा कक्षा ९—१० सम्म प्रायः कुनै शुल्क लिइदैंन। कक्षा ११—१२ मा प्राय विद्यालयमा सरकारी दरवन्दी नै छैनन् र भएपनि धेरै अपुग छन्। त्यसैले केही न केही मासिक शुल्क लिनैपर्ने बाध्यताहुन्छ।

जहाँसम्म अङ्ग्रेजी धार सञ्चालन गर्ने एकभन्दा धेरै समूह वर्गका कक्षा थप्ने गरिन्छ त्यसका लागि पर्याप्त मानवीय भौतिक र शैक्षिक पूर्वाधार प्रबन्ध गर्नुपर्ने हुन्छ। विद्यालय सञ्चालन र व्यवस्थापनका लागि अनुमानित कुल लागत खर्च निकालेर कुल विद्यार्थीलाई विभाजन गरी मासिक शुल्क तोक्ने र उठाउने गरिन्छ। तर समाजका अति विपन्न, गरीब र मेधावी छात्रछात्राका लागि समेत संख्या निर्धारण गरी निःशुल्क वा छात्रवृत्ति सुविधा उपलब्ध गराइन्छ।

धन कमाउने, नाफा लिने र अत्यधिक सुविधा प्राप्त गर्ने उद्देश्य सामुदायिक विद्यालयको नभएकोले जे रकम उठ्छ त्यो तोकिएको शिर्षकमा खर्च हुन्छ। सबै हिसाब किताब पारदर्शी तथा सार्वजनिक हुनाले अवस्था हेरेर कुनै विद्यालयले प्राथमिक कक्षामा कम्तिमा तीन सय देखि कक्षा १२ सम्म मासिक १२ वा १५ सय लिएका हुन्छन्। तर कुनै विद्यालयहरुले पूर्वप्राथमिक कक्षामा मासिक पाँच सयदेखि शुरु गरेर कक्षा १२ सम्म पुग्दा तीन हजारसम्म शुल्क उठाउने गरेको तथ्य खुलस्त पार्ने विद्यालयहरु अध्ययनका क्रममा प्रशस्त पाइयो ।

**सामुदायिक विद्यालयका बाध्यता र जनसहभागिता अपरिहार्य**

सामुदायिक विद्यालय व्यवस्थापकहरुका विचारमा सरकारबाट उपलब्ध हुने शिर्षकगत विद्यालयको सञ्चालन खर्चबाट साधारण शैक्षिक तथा पूर्वाधार व्यवस्थापन गर्नपनि नपुग्ने हुन्छ। वर्षभरिका लागि उपलब्ध रकमले एक महिना पनि धान्न मुस्किल हुँदाविद्यालयको दिगो र भरपर्दो आम्दानीको स्रोतका लागि मानवीय तथा प्राविधिक पक्षको व्यवस्थापनका लागि बाध्य भएर आर्थिक प्रबन्ध गर्नु पर्दछ।

यसैले विद्यार्थीका तर्फबाट अभिभावक सहयोग शुल्क लिने तथा विद्यालयको निरन्तरआम्दानीको स्थायी स्रोतको खोजी गर्ने काम सामुदायिक विद्यालयहरुमा हुन थाल्यो। जुन सामुदायिक विद्यालयले जनसहभागिता आर्थिक प्रबन्ध जुटाउन पहल गर्न सकेनन्। ती शिक्षक कर्मचारीका जागिरका केन्द्र मात्रमा खुम्चिए तर शिक्षण सिकाइका केन्द्र र अभिभावक विश्वासका साथ सहयोगी हुन सकेनन्। सरकारका लागि आर्थिक बोझ मात्र बनिरहेका र जन अपेक्षालाई आत्मसात गर्न नसक्दा आलोचना र असफलताका प्रतीक हुँदै सरकारी स्रोतमा घस्रिन मात्र सकिरहेका छन्, जीवन्त हुन सकिरहेका छैनन्।

सामुदायिक विद्यालयहरुले सरकारबाट प्राप्त अनुदान शिक्षक तथा कर्मचारी तलब,भत्तामा खर्चहुने र विभिन्न क्षेत्रको सञ्चालन र व्यवस्थापनमा अपुग हुने अवस्थामा विद्यालयलेआवश्यकता अनुसार स्रोत जुटाएको देखिन्छ। विद्यालय सञ्चालन गरेपछि खर्च गर्न तथा शैक्षिक वातावरण निर्माणका लागि पर्याप्त आर्थिक, भौतिक प्रबन्ध र सुधार गर्न सक्ने साधनस्रोतको व्यवस्थापनमा पहल हुनु स्वाभाविक हुन्छ। तर अझ सामुदायिक विद्यालयहरुको सुदृढीकरणका लागि कतिपय विद्यालयले कानुनतः प्राप्त बिदा पनि अनावश्यक नलिने र नियमित विद्यालयमा उपस्थित हुने शिक्षकलाई विदा वापतको रकम सुविधा दिने अतिरिक्त कक्षा लिए वापत धेरै थोरै जे जस्तो हुन्छ प्रोत्साहन अतिरिक्त रकम दिने व्यवस्था गर्न थाले।

फलतः विद्यालयहरुमा विद्यार्थीको भर्ना चाप बढ्यो तथा कक्षागत शिक्षक विद्यार्थी अनुपात विश्लेषण गरी निजीस्रोतमा शिक्षक थप गर्न अभिभावक सहकार्य र आर्थिक सहयोग अनिवार्य गर्न

थालियो। सामुदायिक विद्यालयहरुमा आम रुपमा उठाइनेशिक्षकहरु कति प्रकारका भन्ने सम्भावित प्रश्न समाधान गर्नेतर्फ प्रायः जसो उत्कृष्ट नाम कमाएका विद्यालयहरुले सम्मानजनक तलबभत्ता शिक्षकलाई दिन थाले।

समुदायका अभिभावकको सहकार्यमा आवश्यक मात्रामा विद्यालयहरुमा भौतिक निर्माण तथा शैक्षिक सेवासुविधाका साधन सामग्री व्यवस्थापन र प्रगतिका कार्यले गति लिन थाले। सेवासुविधा र मानमर्यादामा फरक अनुभव गर्दै संस्थागत विद्यालयमा वर्षौं अध्यापन गरेका शिक्षकहरु सामुदायिक विद्यालयको निजी स्रोतमा शिक्षक हुनुलाई सुरक्षित ठानी धमाधम नियुक्त हुनाले अभिभावक विश्वास बढ्न थाल्यो।

**बालमनोविज्ञानको सम्मान**

सामुदायिक विद्यालय परिसरभित्र किशोरकिशोरीका आवश्यकता बमोजिमका खेलका सामग्री तथा पूर्वाधारहरु तयार हुन थाले। शैक्षिक सामग्री पुस्तकालय व्यवस्थापन, ल्याव व्यवस्थापन गर्न छुट्टै जनशक्तिको व्यवस्थापन कतिपय विद्यालयले गरे। विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, शिक्षक तथा विद्यार्थीहरुका लागि शैक्षिक भ्रमण शैक्षिक भेला प्रदर्शनी र एक आपसका विद्यालयहरुको अवलोकन भ्रमणजस्ता पक्षका व्यवस्थापनमा विद्यालयहरु जुटे।

देशभित्रका विद्यालयहरुले आपसमा असल तथा सफल अभ्यासहरु साटासाट गर्न थाले। आर्थिक सुशासनका लागि विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति आदि बैंकमार्फत दिन थाले। प्राविधिक धारका विद्यालयहरु आआफ्नो विषय क्षेत्रानुसार समुदायका पेसा व्यवसाय र सेवाप्रवाहसित जोडिन थाले। पढ्दै, सिक्दै, कमाउँदै र रमाउँदै कार्यमा संलग्न हुन र व्यवहारिक जीवनोपयोगी सीप विद्यार्थीहरुले पाउन थाले। बालमनो भावना किशोर किशोरीको आत्मसम्मान बढाउँदै शिक्षण विधि, प्रविधि र कार्यक्रमको व्यवस्थाले सामुदायिक विद्यालय पहिलो रोजाइका हुन थाले।

**माध्यमिक विद्यालयकाआशा लाग्दा परिवर्तनहरु**

प्रायः जसोनमुना तथा प्राविधिक धारकासामुदायिक विद्यालयमा देहायका पक्षमा आशा लाग्दा रुपमा परिवर्तन भएका छन्

१. विद्यालयको चौतर्फी सुरक्षाको लागि घेरावारका योजना तयार गरिए।
२. खेल मैदान तथा खेल सामग्रीको व्यवस्था गरिए।
३. आइसिटी ल्याब तथा कम्प्यूटरको व्यवस्थागरिए।
४. प्रतिशिक्षक ल्यापटप वितरण कार्यक्रमलागू गरिए।
५. विद्यालय प्राङ्गणदेखि कक्षाकोठासम्म सिसि क्यामेराजडान गरिए।
६. शिक्षकहरुका लागि विद्युतीय हाजिरीको व्यवस्था गरिए।
७. निजी स्रोतबाट आन्तरिक स्रोतमा तलबभत्ता खाने प्रायः जसो शिक्षक तथा कर्मचारीलाई सरकारी स्केल बमोजिम सुविधा दिन थालिए।
८. विद्यालयमा भएका कुल शिक्षक दरवन्दीमा दश प्रतिशतदेखि दुई सय प्रतिशतसम्म आवश्यकतानुसार विषय शिक्षक थपिए।
९. शैक्षिक गुणस्तर कायम गर्ने योजना कार्यक्रम र दिगो प्रबन्धका प्रयास गरिए।
१०. सरकारबाट उपलब्ध रकमभन्दा बढी गुणस्तरीय दिवा खाजाको व्यवस्था गरिए।

११. तहगत संयोजक तथा विभिन्न विषयगत समिति बनाई सबै विषयगत शिक्षकहरुलाई जिम्मेवारी बाँडफाँड गरेर सबैको सहभागिता सुनिश्चित गरिए।

१२. विद्यालयको भौतिक तथा शैक्षिक प्रबन्धमा आकर्षण बढाएर टाढा टाढाका विद्यार्थी ल्याउने प्रयोजनका लागि कतै बससेवा तथा कतै आवास सुविधाको व्यवस्था गरिए।

१३. नमुना विद्यालय प्रस्ताव घोषणासाथ सरकार तथा विभिन्न दाताको सहयोगमा कतिपय विद्यालयमा एक दुई करोडभन्दा बढी पाँच दश करोडसम्मका भौतिक तथा शैक्षिक पूर्वाधार विकास गरिए।

१४. प्राविधिक धार शिक्षाको प्रबन्ध र पहुँच विस्तारले व्यवसायिकता र सिप उपयोग मार्फत स्थानीय विद्यार्थी आकर्षित हुने पूर्वाधार निर्माण तथा स्थानीय जनसमुदायसँग सुमधुर सम्बन्ध कायम गरिए।

### विद्यालयमा देख्न पाइने भौतिक सुधारका पक्षहरु

कतिपय नमुना तथा प्राविधिक धारसहितका विद्यालयमा देहायका पक्षमा सुधार स्पष्ट देख्न पाइयो

१. विद्यालयमा छात्र र छात्राका लागि फरक फरक छात्रावास निर्माण तथा व्यवस्थापन गरिए।

२. प्रधानाध्यापक कक्ष, शिक्षक स्टाफ कक्ष, प्रशासकीय सेवा प्रवाह कक्ष तथा गार्ड हाउससमेत निर्माण गरिए।

३. कक्षाकोठाहरुमा विद्यार्थीहरुका लागि तथा समग्र कार्यालयमासुविधायुक्त फर्निचर निर्माण गरिए।

४. शुद्ध खानेपानी आयोजना विकास तथा सुविधायुक्त शौचालय व्यवस्थापनर सरसफाइको प्रबन्ध गरिए।

५. एक दुई घण्टा हिडेर आउनुपर्ने विद्यार्थीलाई सुविधा पुराउन विद्यालयहरुमा बस सेवा व्यवस्थापन गरिए।

६. विद्यालयहरुमा खेल मैदान निर्माण तथा खेलका विभिन्न कार्यक्रमहरु व्यवस्थापनर सहभागिताका आधार मापन सूचकहरुसुनिश्चित गरिए।

७. विद्यालयभित्रै आकर्षक र सुविधासम्पन्न खाजा खाना घर क्यान्टिन) समेत निर्माण भए र कम्पाउण्ड वालसहित सुरक्षाद्वारको प्रबन्ध गरिए।

८. विद्यार्थी मनोरञ्जन र बालविकास केन्द्रदेखि आधारभूत तहका बालबालिका मुखी सर्वाङ्गीण विकासको लागिसम्भव भएसम्म खेलकेन्द्र तथा फनपार्क आदिको व्यवस्था गरिए।

९. खेलकुद विकासको लागि विद्यालय वरिपरिको सुन्दर वातावरण निर्माण रकतिपय विद्यालयको बनावट ढाँचाको आधारमा जतासुकै पुग्न सक्ने रिङ्गरोडसमेत तयार गरिए।

### शैक्षिक सुधारतर्फका प्रगतिहरु

१. आइसिटी ल्याव स्मार्टबोर्ड मल्टिमिडियाबोर्ड इन्ट्राक्टिभ फ्लाट प्यानलबोर्ड आदिको व्यवस्थागरिए।

२. शिक्षक तथा विद्यार्थी उपयोगका लागि कम्प्यूटर खरिद तथा शिक्षण कक्षहरु व्यवस्था गरिए।

३. शिक्षकको पेसागत र विषयगत तालिमको व्यवस्था गरिए।

४. शिक्षण सिकाइमा प्रति शिक्षक ल्यापटपको व्यवस्था गरिए।

५. विद्यार्थीलाई दिवा खाजाको माध्यमबाट गुणस्तरीय शिक्षा प्रदानमा व्यवस्थापन गरिए।

६. पुस्तकालय तथा विषय क्षेत्रगत र विशिष्ट ल्यावहरु व्यवस्थापन गरिए।

७. विद्यार्थी छात्रवृत्तिको पहुँच र आवश्कता सम्बोधन हुने व्यवस्था गरिए।

८. शिक्षण सिकाइमा औषत वृद्धि गर्ने र नतिजा हासिल गर्ने शिक्षकलाई सार्वजनिक पुरस्कारको व्यवस्था गरिए।

९. निजी स्रोतमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा सम्मान जनक तलबभत्ताको सुनिश्चितता गरी शैक्षिक सुधारमा प्रयास गरिए।

**आर्थिक पक्षका सबलताहरु**

१. स्थानीय समुदाय र संस्थाहरुको सहभागितामा विद्यालयको आर्थिक अवस्था सवल तथा सक्षम बनाइयो।
२. विद्यालयलाई आवश्यक पर्ने शैक्षिक सामग्री तथा भौतिक साधन खरिद तथा व्यवस्थापनगर्न अभिभावक सहयोग र सहभागिता अनिवार्य गरियो।
३. ससाना भौतिक शैक्षिक र जनशक्ति व्यवस्थापनका लागि सरकारकै मुख ताक्नुपर्ने अवस्थाबाट विद्यालयहरु मुक्त हुँदै गए।

**सामुदायिक विद्यालय सुदृढीकरणका व्यवहारिक पक्ष**

१. सिकाइ उपलब्धिमा देखिने गरी वृद्धि तथा कक्षा छोड्ने, दोहोऱ्याउने दरमा धेरै कमी आएको।
२. शैक्षिक सामग्रीको उपलब्धता, शिक्षक तालिम तथा आइसिटीव्यवस्थापनका कारण शिक्षण सिकाइमा सहजताभएको।
३. खेलकुद तथा अन्य आन्तरिक क्रियाकलापमा विद्यालयको सहभागिता तथा उपलब्धिस्तर अवस्थामा सुधार भएको।
४. भौतिक तथा शैक्षिक आकर्षणका कारण विद्यार्थी संख्यामा निरन्तर वृद्धि हुँदै गएकोतथा टाढाटाढाबाट विद्यार्थी आउने क्रम बढेको।
५. मुख्य पक्ष विद्यालय परिसरबाट राजनीतिक हस्तक्षेप अस्वीकार गर्ने तथा बन्द हडताल प्रायः समाप्त गरिएको।
६. सामान्य अवस्थाका सामुदायिक विद्यालयमा पनि विभिन्न शैक्षिक क्रियाकलापका क्षेत्रमा सुधार भई जनविश्वास बढेको।
७. कतिपय सामुदायिक विद्यालय नमुना विद्यालयमा प्रवेश भएपछिविद्यालयको भौतिक सुधार,शैक्षिक सुधार अन्तर्गत विद्यार्थी भर्नादर ह्वात्तै बढेकोर समुदाय सम्बन्ध बलियो हुँदै गएको।
८. प्रायः नमुना विद्यालय प्रस्ताव घोषणा भएपश्चात विद्यालय निर्माण तथा सुदृढीकरणमा समुदायस्तरमा सकारात्मक सोचमा वृद्धि तथा देखिने गरी परिवर्तनहरु वृद्धि भएको।
९. विद्यालयमा नियमित पठनपाठनका अतिरिक्त विद्यार्थी संलग्नताका विभिन्न विषयगत समूह स्थापना तथा क्लबहरुको सहभागिता दरमा आश्चर्यजनक र प्रजातान्त्रिक संस्कार वृद्धि गर्न सहयोग पुगेको।
१०. विद्यालयको आफ्नै बसयातायातको सुविधा प्रयोग हुँदाअभिभावकको माग बमोजिम टाढा टाढाबाट विद्यार्थीले सेवा पाएको।
११. अंग्रेजी माध्यमको पढाइ व्यवस्थापनले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थी तथा अभिभावकहरुको आकर्षण ह्वात्तै बढ्दै गएको।
१२. समाजका प्रतिष्ठित नागरिक,धनीमानी, आर्थिक हैसियतमा मोटा वर्ग,चन्दादाता तथा सर्वसाधारण अभिभावकहरुको प्रवेश हुन थालेको।
१३. जुनसुकैपेसागत क्षेत्रका प्रतिष्ठित समूह समाजका सुकिलामुकिला वर्गको सहभागिता र आवाज सामुदायिक विद्यालयमा जोडिने क्रम बढेको।

१४. राज्यका हरेक अङ्गमा पहुँच भएका र आवाज सुनिने प्रशासन, व्यवस्थापन र राजनैतिक हैसियतमा प्रभावमा रहेका अभिभावकहरु समेतले सामुदायिक विद्यालयसित सम्बन्ध बलियो बनाउन थालेको।

१५. देशविदेशमा भएका पूर्व विद्यार्थीहरु समेतबाट आआफ्नो क्षमता अनुसार आआफूले पढेका विद्यालयमा आर्थिक सहयोग गर्ने तथा छुट्टै कोष स्थापना गरी रकम जम्मा गर्ने विद्यालय र आवश्यकता भएका विद्यार्थीलाई सघाउने प्रवृत्ति बढेको।

१६. सामुदायिक विद्यालय सुदृढीकरणका हरेक पक्षमा निकटबाट प्राविधिक, प्राज्ञिक, आर्थिक, प्रशासनिक पक्षमा स्थानीय जनसमुदाय जुट्न थालेको।

**सामुदायिक विद्यालयका राम्रा पक्ष**

१. सामुदायिक विद्यालय विकास सदृढीकरण र शिक्षा गुणात्मकताका लागि सरोकारवालासँग समन्वय सहकार्यमा जोड गर्न थालिएको।

२. शिक्षा प्रणालीमा आइसिटी तथा विज्ञान प्रविधिको महत्वलाई आत्मसात गरी आवश्यक शैक्षिक तथा भौतिक पूर्वाधार र स्रोत साधनमा विशेष जोड दिन थालिएको।

३. विद्यालयहरुले शैक्षिक गुणात्मकताका लागि शिक्षक तथा विद्यार्थी अनुपात मिलाउने र आन्तरिक स्रोतबाट शिक्षक कर्मचारी समेत कुल जनशक्तिको पचास प्रतिशतभन्दा धेरै संख्यामा नियुक्त गरी पठनपाठनमा जोड दिइएको।

४. विद्यालयहरुमा विषयगत क्षेत्रका ल्याव विकास र पुस्तकालयका साथै शैक्षिक सुधार र गुणात्मकताका लागि शैक्षिक कार्यक्रमहरुलाई प्राथमिकता दिएर योजना सञ्चालन गर्न थालेको।

५. नमूना विद्यालय तथा प्राविधिक धारमा रुपान्तरण हुन र अभिभावक विश्वास आर्जन गर्न सरोकारवालाको प्रयासमा वृद्धि हुँदै गएको।

६. विद्यालयमा विद्यार्थी संख्या बढाउन र अभिभावकलाई आकर्षण गर्न कतिपय विद्यालयहरुबाट टाढा टाढा बस सेवा प्रवाह गरिएको र कतिपय विद्यालयमा छात्रावास व्यवस्था गर्ने क्रम बढ्दै गएको।

७. विषयगत तालिम र पेसागत क्षमता वृद्धितर्फ विद्यालय र शिक्षकहरुमा चासो र उत्प्रेरणा बढेको।

८. जनताको मागबमोजिम संस्थागत विद्यालयका आकर्षण सामुदायिक विद्यालयमा वृद्धि गर्ने योजना अन्तर्गत अङ्ग्रेजी माध्यमको पठनपापठनमा जोड दिइएको।

९. कतिपय विद्यालयलाई चौतर्फी सिसीटिभीमा जोडिएको र साउण्ड सिस्टम तथा दोहोरो सञ्चार प्रयोग गरी विद्यार्थी र शिक्षकको अनुगमन हुने व्यवस्था मिलाइएको।

१०. दिवा खाजा छात्रवृत्तिको सुविधाद्वारा समाजका विपन्न लक्षित वर्ग र ससाना बालबालिकाको पहुँच भर्ना दर र उपस्थिति दर र सिकाइ नतिजामा समेत वृद्धि हुँदै गएको।

११. सरोकारवाला र अभिभावकसँगको समन्वय सहकार्य र गुनासो सम्बोधनका लागि गुनासो पेटिका राख्ने सूचना अधिकारी तोक्ने र सबै गतिविधि पारदर्शी रुपमा सार्वजनिक गर्ने प्रणाली विकास हुँदै गएको।

## परिच्छेदः पाँच
## सामुदायिक विद्यालयका समस्या,समाधान तथा निचोड

### सामुदायिक विद्यालयको चित्र

अध्ययन गरिएका ५४ वटा विद्यालयहरूमा सरकारी र निजी स्रोतका जम्मा शिक्षकः ३,५३५जना रहेछन्।सरकारी स्रोतबाट तलबभत्ता खाने शिक्षकः१,६४४ (४६.५०) प्रतिशत रहेछन्। सरकारी स्रोतका शिक्षकका आधारमा कुल विद्यार्थीको १००३३७ को अनुपातः मिलाउँदा ६१.०३२ हुने देखिन्छ।तिनै विद्यार्थीहरूलाई निजी स्रोतबाट तलबभत्ता खाने शिक्षकः १,८९१ निजी स्रोतका शिक्षक (५३.४९३) प्रतिशतमा शिक्षक विद्यार्थी अनुपातः ५३.०६० हुँदोरहेछ।समग्रमा सबै किसिमका शिक्षक/ विद्यार्थी अनुपातः २८.३८ रहेको पाइयो।

### उद्घाटित रहस्य

अध्ययनले देखाएको शिक्षक विद्यार्थी अनुपात १:१० पनि नहुने मावि १, शिक्षक विद्यार्थी अनुपात १:१०-२० सम्म हुने मावि ७, शिक्षक विद्यार्थी अनुपात १:२१-३० सम्म हुने मावि २१, शिक्षक विद्यार्थी अनुपात १:३१-४० सम्म हुने मावि १७, शिक्षक विद्यार्थी अनुपात १:४१-५० सम्म हुने मावि ०५तथा शिक्षक विद्यार्थी अनुपात १:५१ देखिमाथि सम्म हुने मावि ०३ मात्र रहेछन्।यो विवरणले जनशक्ति अपुग अभाव वा थोरै छन् भन्ने भन्दा पनि दरवन्दी समायोजन मिलान र तहगत कुन, कुन विषय र क्षेत्रमा बढी वा घटी छन्, विस्तृत अध्ययनको आवश्यकता देखाउँछ। यो ०-१२ को समग्र अध्ययन हो यद्यपि सामान्यतया आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात थोरै छन् । प्राविधिक धारका विद्यालयमा कतिपय विषयमा प्राय अतिन्यून विदयार्थी छन् । कक्षा ११ र १२ विज्ञानतर्फ पनि विद्यार्थी कम छन्। प्रायः साधारण शिक्षातर्फका कक्षा ११ र १२ मा धेरै विद्यार्थी पाइन्छन्।त्यसैले कतिपय विद्यालयमा शिक्षक विद्यार्थी अनुपात धेरै माथि हुन पुगेको देखाउँछ। लाभ लागत निर्धारण,शैक्षिक गुणात्मकता र प्रतिफलका दृष्टिले विद्यालय विद्यार्थी अनुपात, शिक्षक विद्यार्थी अनुपात मुख्य भएको हुनाले अध्ययन गर्नै पर्ने र मापदण्ड आवश्यक देखिन्छ।

### विद्यालयहरुको अवस्था

अध्ययन गरिएका विद्यालयहरुको अवस्था निम्नानुसार रह्यो, कक्षा ०-१२ सञ्चालित ४७ विद्यालय, ६-१२ सञ्चालित ०१ वटा विद्यालय तथा ०-१० सञ्चालित ०६ विद्यालय थिए।साधारण धारमा नमुना समेत प्रस्ताव नभएका विद्यालय -०२, साधारण, प्राविधिक धार विज्ञानसहित नमुना प्रस्ताव विद्यालय - ०७, साधारण समूहमा कक्षा सञ्चालन गर्ने विद्यालय- ५४, विज्ञान समूह सञ्चालन गर्ने विद्यालय- ११, प्राविधिक धारका कक्षा ९-१२ सञ्चालन गर्ने विद्यालय—२५,साधारण धारसहित प्रिडिप्लोमा र डिप्लोमा सञ्चालन गर्ने विद्यालय-९,दुबै किसिमका प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्ने विद्यालय-३५, प्रिडिप्लोमा १८ महिने कार्यक्रम मात्र सञ्चालन गर्ने विद्यालय—०४ तथा ३ डिप्लोमा सञ्चालन गर्ने विद्यालय- ०५, तथा साधारणसहित प्राविधिक धारका कक्षा ९-१० मात्र सञ्चालन गर्ने विद्यालय-१ रहेका छन्।अध्ययन गरिएका सबै विद्यालयहरुको चित्र अनुसूची तालिकामा हेर्न र विश्लेषण गर्न सकिन्छ।

**विद्यालयहरूमा जनशक्ति व्यवस्थापनः**

यीमध्ये कतिपय विद्यालयहरूले शिक्षण पेशाका शिक्षकहरूसरह नै कर्मचारीतर्फ ठूलो लगानी गरेका छन्। उदाहरणका लागि कालिकामा ३३७ जना मध्ये ४१ जना कर्मचारी रहेका छन्। यस्तो अवस्था सबैतिर छ,तापनि पुस्तकालय, विज्ञान प्रयोगशाला व्यवस्थापनमा अभै जोड पुगेको छैन।

सबै विद्यालयहरु मध्ये निजी स्रोतबाट १ जना पनि शिक्षक / कर्मचारी नराखे विद्यालय १ वटा, निजी स्रोतबाट १-०९ जना सम्म शिक्षक / कर्मचारी राखे विद्यालय १७ वटा, निजी स्रोतबाट १०-९९ जना सम्म शिक्षक / कर्मचारी राखे विद्यालय २३ वटा तथा निजी स्रोतबाट १००-२७५ जना सम्म शिक्षक / कर्मचारी राखे विद्यालय ३ वटा रहेका छन्।

विज्ञान समूह प्राविधिक धारका विद्यालय अनुपात ठिक्क अनुपातमा नरहेको तर साधारण विषयतर्फ कक्षा ११ र १२ का कारण पनि कतिपय विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १ः५० मा प्रति कक्षा ४८ जनाका दरले १९२ जना हुनुपर्नेमा कतिपय विद्यालयमा ४ वटा कक्षामा जोड्दा पनि ४८ जना नपुग्ने समस्या भई ठूलो लगानीको प्रतिफल न्यून हुनाले यो प्रणाली र सिकाइमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ।

सामुदायिक विद्यालयमा सरकारी स्थायी तथा अस्थायी शिक्षकहरूको प्रकृति र व्यवस्थित पक्ष समायोजनको लागि ठूलो समस्या छ। पछिल्लो अभ्यासमा सामुदायिक विद्यालयमा नमुना तथा प्राविधिक धार कक्षा ९—१२ पनि सञ्चालित छ। यो प्रणालीको प्राविधिक धारको शिक्षामा लगानी अनुपातमा विद्यार्थी भर्ना उत्पादन र आकर्षण समस्या देखिन्छ। तसर्थ प्राविधिक विषयक्षेत्र पहिचान, सेवाक्षेत्र निर्धारण र जनसमुदायको सहभागिता सहित लगानी हुनुपर्ने देखिन्छ।

**सामुदायिक शिक्षा सुधारका समस्याका कारणहरु**

१. विज्ञान प्रविधि र सूचना सञ्चारमैत्री कम्प्युटर ज्ञानसहितका जनशक्ति व्यवस्थापन नगरिनु,
२. विद्यालयमा विद्यार्थी तथा शिक्षकसमेतको पहुँच पुग्ने गरी कम्प्युटरको व्यवस्थापन नगरिनु,
३. कम्प्युटरहरुको नियमित सञ्चालन र मर्मतसम्भार हुन कम्प्युटर ल्याबको व्यवस्थापन नहुनु,
४. विद्यालयहरुमा गुणस्तरीय र नियमित र सम्मानजनक पठनपाठन हुन शिक्षकको तलब भत्ताको लागि दिगो स्रोतको खोजी गर्नुपर्ने र मासिक भुक्तानीको व्यवस्थापननगरिनु,
५. प्राविधिक धार जुनसुकै विषय कक्षा ९—१२ तथा प्रिडिप्लोमा र डिप्लोमाका प्रयोगशाला एवम् साइन्स ल्याबको लागि सम्बन्धित विषय क्षेत्रका दक्ष जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाएर समस्या समाधान नगरिनु,
६. शिक्षकहरुलाई आइसिटी प्रयोगका लागि तालिम प्रबन्ध र निरन्तर जनशक्ति सक्षमता अभिवृद्धि नगर्रिनु,
७. विज्ञान र कम्प्युटर ल्याबको व्यवस्थापन सुधार तथा सामग्रीको अध्यावधिक गर्ने र सरसफाईमा ध्यान र जिम्मेवारी निर्धारण नगरिनु,
८. पुस्तकालयको प्रयोग पठनपाठन संस्कृतिमा अनिवार्य अङ्ग हुने प्रबन्ध आधारभूत तहदेखि माध्यमिक तहसम्म नै नतोकिनु,
९. प्राविधिक धार ९—१२ कक्षा र प्रिडिप्लोमा र डिप्लोमा सञ्चालन व्यवस्थापन एउटै पाठ्यक्रम पाठ्यपुस्तक र विधि मान्यता र मापदण्डमा सञ्चालन गर्ने प्रबन्ध नमिलाउनु,

१०. विद्यालय सेवा क्षेत्र निर्धारण गरी विषय क्षेत्रगत प्राविधिक धारका विद्यालय भौतिक पूर्वाधार विकास स्थापना गरेर पूर्ण क्षमताका साथ नमूना र प्राविधिक धारका विद्यालय सञ्चालन गर्ने नीति मापदण्ड कार्यान्वयन नगर्नु,

११. समाजलाई पूर्ण सचेत र जिम्मेवार बनाउने गरी समावेशी शिक्षा समाहित शिक्षा व्यवस्थापनमा ध्यान नदिनु।

१२. विद्यालय व्यवस्थापक तथा प्रधानाध्यापकको पेसागत क्षमता वृद्धिमा अवसर कम हुनु।

१३. विद्यालयमा आइसीटी प्रयोगलाई सिकाइसँग पूर्ण रुपमा समायोजन तथा साक्षात्कार गर्न नसक्नु।

१४. विषय क्षेत्रगत प्रयोगात्मक अभ्यास र विद्यार्थी सिकाइमैत्री पक्षमा ध्यान नपुग्नु।

१५. नक्साङ्कनका आधारमा विद्यालय सेवा क्षेत्र तथा विषयगत क्षेत्रको नक्साङ्कन गरी आवश्यकताका आधारमा प्राविधिक धारका विद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न नसक्नु।

१६. विद्यालयका विज्ञान तथा विषय क्षेत्रका ल्याव र पुस्तकालयलाई विद्यार्थी पहुँच हुने गरी व्यवस्थित र सञ्चालन गर्न नसक्नु।

१७. अपाङ्ग बालबालिकाको स्पष्ट पहिचान हुने ज्ञान तथा विवरण तयार पार्ने र विशेष शिक्षालाई प्रभावकारी बनाउन नसक्नु।

१८. विद्यालयमा उपलब्ध साधन स्रोतको उचित परिचालन हुन नसक्नु कम्प्युटर स्मार्टबोर्ड अन्य मेसिनरी सामानहरुको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था नहुनु।

१९. विद्यालय सेवा क्षेत्र किटान नहुनाले आफ्नो समुदायभित्र कुन कुन उमेर समूहका बालबालिका शिक्षा प्राप्तिको हक अधिकारबाट बञ्चित छन् ? सोको विवरण नहुनु।

२०. सामुदायिक विद्यालयले समेत कक्षा एक चार पाँच र कक्षा छ नौ मा प्रवेश परीक्षा लिने प्रणालीले आम जनताका सन्तानप्रति न्याय नगर्नु र विभेदमुखी हुनु।

२१. ससाना बालबालिकालाई भर्ना गर्दा प्रवेश परीक्षाका नाममा तनावमा पुराउने, म असफल भएँ, भन्ने लघुताभास सिर्जना गर्नु।

२२. समाजका गरीब, विपन्न र विद्यालय शिक्षा प्राप्त गर्न नसक्ने आर्थिक लक्षित समूहको शिक्षा अधिकार स्थापना र हक खोजी र तिनको शिक्षा प्राप्तिको सुनिश्चितताबारे सामुदायिक विद्यालय जिम्मेवार नहुने समस्या बढ्नु।

**समस्या समाधानका उपायहरू**

१. शैक्षिक क्षेत्रमा सञ्चार प्रविधिको ज्ञान प्राप्त जनशक्तिको सामुदायिक विद्यालयमा अभाव हटाउने,

२. विशेष शिक्षातर्फका समाहित विद्यालय र कक्षाहरु सञ्चालन र व्यवस्थापनमा विशेष संवेदनशीलता अपनाउने,

३. विज्ञान समूह तर्फका तथा प्राविधिक धारका विषयका शिक्षक व्यवस्थापनतथा जनशक्तिको स्थायित्वको अभाव हटाउने,

४. सामुदायिक विद्यालयहरुमा कृषि तथा पशुविज्ञानतर्फ प्रयोगात्मक कार्यका लागि जग्गा वा प्रयोगशालाहरुको व्यवस्था र अपेक्षित अभ्यास कार्यको अभाव हटाउने,

५. पुस्तकालयहरु प्रभावकारी सञ्चालन व्यवस्थापनका साथै शिक्षक तथा विद्यार्थीहरुलाई नियमित पठन पाठन गर्न प्रोत्साहित गर्ने,

६. पठन संस्कृति विकासका नीति तथा कार्यक्रमसँग संयोजन गरी पुस्तकालयलाई सञ्चालन गर्ने नेतृत्व सोच तथा जनशक्ति अभावको अन्त्य गर्ने,

७. विज्ञान विषय क्षेत्रका प्रयोगशालाहरु प्रभावकारी नहुनु र भएकामा पनि नियमित र व्यवस्थित सञ्चालन गर्न सम्बन्धित विषय क्षेत्रकै ल्याव विज्ञको अभाव हटाउने,

८. कतिपय विद्यालयमा विषय नमिल्ने साधारण विषय मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन जस्ता विषय पढेका व्यक्तिलाई ल्यावको जिम्मा नलगाउने,

९. प्राविधिक धारका विद्यालय तथा प्रिडिप्लोमा र डिप्लोमा कक्षा सञ्चालित सामुदायिक विद्यालयहरुमा प्रयोगात्मक अभ्यास प्रयोगशाला र सामग्रीहरुको परिचालन व्यवस्थापन र सिकाइ गर्ने, गराउने।

१०. दक्ष जनशक्तिको अभावमा कतिपय विद्यालयमा सामग्री जुटाइएका उपलब्ध भएका तर प्रयोग नै नभएका वा पोकासमेत नखोलिएका सामग्रीहरु यथाशीघ्र प्रयोगमा ल्याउने,

११. प्राविधिक धार सञ्चालन भएका ९—१२ का कक्षाहरु प्रायः लाभ लागतका दृष्टिले धेरै बोझिला सावित र दक्ष जनशक्ति पनि उत्पादन नहुने आम आशङ्का निवारण गर्ने,

१२. माध्यमिक तह द्वितीय श्रेणीको सुविधा प्राप्त गर्ने सुविधासहित कक्षा ९—१२ का लागि नौ जनासम्म मुख्य प्रशिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका जनशक्तिको भरपूर उपयोग गर्ने ।

१३. प्राविधिक शिक्षा धारमा निःशुल्क शिक्षा प्रबन्ध गरेको अवस्थामा पर्याप्त विद्यार्थी प्राप्त नहुनु वा अति न्यून भर्ना हुनु जस्ता समस्या हटाएर लगानीमाथि प्रश्न उठिरहेको सन्दर्भलाई सम्बोधन गर्ने,

१४. प्रायः साधारण विद्यालयमा सञ्चालित प्राविधिक धार ९—१२ का कक्षाहरुमा प्रधानाध्यापक र व्यवस्थापकहरुले प्रयोगात्मक पक्षमा विशेष ध्यान नदिने र सामग्री उपलब्धतामा उदासिनता राख्दा शिक्षण सिकाइमा समस्याका साथै, शिक्षक प्रशिक्षक प्रोत्साहन अभावलाई हटाउने,

१५. नमुना तथा प्राविधिक धारका विद्यालयहरुको अवसर प्रायः समृद्ध, विकास र साधनस्रोत तथा चल, अचल सम्पत्तिका धनी विद्यालयले मात्र पाउने समस्या हटाउने,

१६. ठूलो आर्थिक स्रोतसमेत निश्चित सम्पन्न विद्यालयले पाउने अवस्थाले विपन्न, अशिक्षित र पिछडिएका सामुदायिक विद्यालय अझ पछाडि पर्ने खतरा, चुनौती, समस्या प्रबल देखिएको अवस्थालाई सम्बोधन गर्ने।

**नमुना विद्यालय सम्बद्ध प्रअहरुका प्राप्त रायसुझावहरु-**

क) सरकारद्वारा घोषित नमुना विद्यालयहरुको व्यवस्थापन स्थानीय तह मातहतबाट हटाइ कम्तीमा प्रदेश वा शिक्षा तथा मानव स्रोत केन्द्र अन्तर्गत नै राख्नु उचित हुने।

ख) भौतिक निर्माण सम्बन्धी कार्यहरु विद्यालय भन्दा पनि जिल्लाको भवन निर्माण कार्यालय वा शिक्षा तथा मानव स्रोत केन्द्र आफ्नै जिम्मेवारीमा निर्माण गरी गराई (प्र.अ.शैक्षिक गतिविधिमा भन्दा भौतिक गतिविधिमा संलग्न हुनु पर्ने बाध्यता साथै फरफारक बेलामा निकै हैरानी परेशानी भोग्नु परेकोले)विद्यालयलाई हस्तान्तरणको प्रक्रिया अपनाउनु पर्ने।

ग) सरकारद्वारा नमुना विद्यालयमा नियुक्त भएका प्रअहरुलाई नीति नियम भित्र रहने गरी विद्यालय सञ्चालन र गुरुयोजना कार्यान्वयनका लागि विशेषाधिकार दिइनु पर्ने।

घ) विद्यालय सञ्चालक तथा व्यवस्थापकलाईसमय समयमा नेतृत्व भूमिका तथा व्यस्थापकीय सञ्चालन सम्बन्धी विशेष तालिम तथा पुनर्ताजगी तालिमहरुको व्यवस्था हुनुपर्ने।

ङ) व्यवस्थापक तथा प्रधानाध्यापकलाई साँच्चै नमुना र उदाहरण बन्न प्रोत्साहित गर्न विशेष अनुभव, ज्ञान , सिप र व्यवहारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका नमुना विद्यालयहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनु पर्ने।

च) प्रधानाध्यापकलाई उच्च मनोवलका साथ विद्यालयको विकास गर्न सक्ने गरी शैक्षिक एवं व्यवस्थापकीय पक्षको जिम्मेवारीसाथ छुट्टै प्रधानाध्यापक पद सिजर्ना र प्रअ भत्ता आकर्षक र तलव विशेष रुपमा कायम गरिनु पर्ने।

छ) भौतिक, शैक्षिक एवं व्यवस्थापन पक्षका लागि दिनानुदिन घटाइदैं गरिएको शिक्षा बजेट घटाउनु भन्दा पनि वृद्धि हुनुपर्ने र बजेट सिधै विद्यालयको खातामा (स्थानीय निकाय मार्फत निकासा पाउन निकै कठिनाइ भोग्नु परेकोले)निकासा दिइनु पर्ने।

ज) समय समयमा सरोकारवाला निकायहरुबाट विद्यालय तहमा प्रशासनिक व्यवस्थापकीय अनुगमन तथा शैक्षिक सुपरिवेक्षण र पृष्ठपोषणसम्मको योजनावद्ध कार्यक्रम विकास गरी आवश्यक राय सल्लाह सुझावको व्यवस्था हुनु पर्ने।

## सारभूत निष्कर्षका पक्षहरु

### जनशक्ति व्यवस्थापन

समग्रमा सम्पूर्ण सामुदायिक विद्यालयमा सरकारी स्रोतबाट सुविधा पाउने पूर्णकालीन शिक्षकहरु धेरै उपलब्ध छैनन्।तापनि विद्यालयहरुले आंशिक कक्षा लिने र कक्षा ११ र कक्षा १२ मा पठनपाठन गर्ने शिक्षकहरुबाट नै कक्षा ९ —१२ सम्म व्यवस्थापन गरेका छन्।कतिपय विद्यालयले आन्तरिक जनशक्ति व्यवस्थापनमा अभिभावक माग अनुरुप राम्रो पठनपाठन सञ्चालन गराएको पाइयो।

कतिपय प्रदेश सरकारबाट विद्यालयहरुमा स्वास्थ्य नर्स स्कुल बस तथा छात्राका लागि साइकल वितरण तथा अन्य प्रोत्साहनको व्यवस्थापनमा सहयोग गरेका कारण विद्यार्थीको पहुँच वृद्धि तथा पठनपाठनमा प्रशस्त टेवा पुगेको विद्यालय प्रशासनको प्रतिक्रिया पाइयो।सामुदायिक विद्यालय सुदृढीकरणका लागि आधुनिक प्रविधि विकासमा पुराना शिक्षकको पेसागत र विषयगत क्षमता अभिवृद्धि आवश्यक देखियो।साथै,मावि शिक्षक दरबन्दीको विषयगत र विद्यालयगत निर्धारण मापदण्ड विकास र कार्यान्वयन योजना आवश्यकता महशुस गरियो।

### सामुदायिक विकास तथा सेवाक्षेत्र किटानः

शिक्षाको बदलिदो परिवेशसँग सामना गर्न र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सबै सामुदायिक शिक्षालाई माथि उठाउन आवश्यक छ।यसका लागिविद्यालय सेवा क्षेत्र निर्धारण तथा समुदायको अनिवार्य सहभागिता हुनै पर्छ।समुदायको प्रत्यक्ष संलग्नता विना सामुदायिक विद्यालयको कुनै भविष्य छैन भन्ने स्पष्ट देखियो।प्राविधिक धारको कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सेवाक्षेत्र र विषयक्षेत्र किटान गरी लाभ र लागत किटानसाथ एउटै स्थानीय तहमा दोहोरो नहुने प्रबन्ध आवश्यक देखियो।

### शैक्षिक गुणात्मकता मापदण्डः

सेवाक्षेत्र र विषय क्षेत्र निर्धारण गरी कक्षा नौ देखि बाह्र तथा प्रिडिप्लोमा र डिप्लोमाका प्राविधिक कक्षाहरु एउटै पाठ्यक्रम तथा विकास गरी पठन पाठन गराउनु पर्ने आवश्यकता अनुगमन क्रममा सरोकारवालाका धारणा र सुझाव पाइयो।प्राविधिक जनशक्ति स्थानीय तहका तथा सबै प्रकृतिका सरकारी पदको प्राविधिक पदका लागि उपयुक्त हुनुका साथै, विभिन्न निर्माण कम्पनी, कन्सल्टेन्सीतथा स्वरोजगार

केन्द्रहरू स्थापना गरी आत्मनिर्भर हुन सक्ने हैसियतमा उत्पादन हुनुपर्ने सूचकहरु पालना हुने सुनिश्चितताको ग्यारेन्टी खोजी गरेको पाइयो।

**ठूला विद्यालय विकासमा सहयोगः**

कतिपय सामुदायिक विद्यालयहरुले आफ्नो क्षमता विकास गरी ठूला विद्यालयको भूमिका निर्वाह गर्दै गुणस्तरीय शिक्षाको विश्वास समुदायमा स्थापित गरेको देखियो।कतिपयविद्यालयहरुले बसको व्यवस्थातथा आवासको सुविधा मिलाएर विद्यार्थी संख्या बढाउने र विभिन्न सेवासुविधा विस्तार गर्न प्रयत्न गरेको पनि पाइयो।स्थानीय र प्रदेश तहका सरकारी निकायहरुबाट पनि कतिपय सामुदायिक विद्यालयमा आइसिटी कक्ष विकास तथा व्यवस्थापनका विविध कार्यक्रम दिइएको पाइयो।सूचना तथा सञ्चार प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणको साझेदारीमा समेत सामुदायिक विद्यालयमा भौतिक र विज्ञान प्रविधिमूलक शैक्षिक पूर्वाधार विकास र प्रयोगमा सहयोग पुराएको पाइयो।

**पेशागत दक्ष जनशक्ति र विद्यार्थी पहुँचः**

भौतिक पूर्वाधार विकास र सामग्री उपलब्धतामा सबैतिरबाट सहयोग भएको छ।तापनि कक्षाकोठासम्मपुगेर शिक्षकहरुलाई ती शैक्षिक सामग्री तयार गर्न र प्रयोगमा ल्याउन सकिएको छैन । जनशक्तिलाई पेसागत क्षेत्रमा धेरै तालिम प्रशिक्षण र सिप विकासतर्फ प्रयाप्त ध्यान दिनुपर्ने कुराप्रति पूर्ण बेवास्ता गरिएको छ। शिक्षक तथा प्राध्यापक सोच व्यवस्थापन तथा सामग्री प्रयोगमा नपुगेको नहुँदा विद्यालयमा उपलब्ध शैक्षिक सामग्री प्रयोजनमा प्रयोग कम हुने तथा प्रदर्शन बढी र गफ मात्र गरेको पाइयो।कक्षा ६-८ का विद्यार्थीले विज्ञान ल्याब देख्नै नपाउने, ९-१० का विद्यार्थीको कक्षामा प्रयोग सीमित मात्र र कक्षा ११-१२ विज्ञान समूहले मात्र बढी सुविधा पाएको गुनासो पनि प्रशस्त पाइयो । जनशक्ति विकासतर्फ लगानी नगरिँदा कतिपय विद्यालयमा ती उपलब्ध शैक्षिक पूर्वाधारका विषय पक्षका सामग्रीहरु उपयोगविहिन थन्किएको पनि पाइयो।

**वर्गीकृत शिक्षा र सामाजिक न्यायः**

प्रायः स्थानीय तहका सामुदायिक विद्यालयहरु भूमिहिन, पिछडिएका र सिमान्तकृत समुदायका विद्यार्थीहरूका लागि मात्र अध्ययन स्थल हुन् भन्ने भाष्य निर्माण हुँदै गएको छ।नमुना तथा प्राविधिक धारका विद्यालयले बसबाट विद्यार्थी बोक्ने कारण पनि स्थानीय समुदायको सामुदायिक विद्यालयमा पढ्नेहरुको सामाजिक हैसियत गिर्छ भन्ने अभिभावक तथा बालबालिकाको मानसिकता वृद्धिहुँदै गएको छ।यस्ता प्रवृत्तिको बढावा नै सामुदायिक विद्यालयको विकासको बाधक तथा स्थानीय शिक्षा व्यवस्थापनका लागि मुख्य चुनौती भएकोले सार्वजनिक शिक्षामा सरकारी लगानी बढाउनुको साथै,विद्यालय सञ्चालन व्यवस्थापनमा समुदायको संलग्नता र सेवाक्षेत्र निर्धारण अनिवार्य हुनुपर्ने धेरै सरोकारवालाको मत पाइयो।

सरकारी लगानीकासामुदायिक विद्यालयमा भर्ना हुनु, पढ्नु र त्यहाँ नै भविष्य छ भन्ने निचोडमापुग्नु नै गरीब हुनु, अशिक्षित हुनु, असभ्य र भविष्यप्रति कुनै सोच नभएको निरीह मानिस हुनु, हो भन्ने जुन भाष्य जवर्जस्त नेपाली समाजमा स्थापित गराइएको छ।समाजमा जग जमाइसकेको छ, त्यो स्थानीय तह, सामुदायिक विद्यालय र नेपाली समाजका लागि चरित्रको ठूलो दुर्भाग्य हो,अध्ययनले निचोड दियो।यो वर्गीय अलोकतान्त्रिक तथा विकृतपूर्ण भाष्यलाई सामुदायिक शिक्षा सुदृढ गरी रुपान्तरण गर्न आवश्यक छ।

**आर्थिक लगानी मापदण्ड आवश्यकः**

यसका लागि सरकारले विद्यालय शिक्षामा आर्थिक लगानीको मापदण्ड निर्धारण गरेर जानु पर्छ। शिक्षा क्षेत्रमा सरकारी सामुदायिक तथा अभिभावकको आर्थिक अंशभार स्पष्ट किटान र जनसहभागिता अनिवार्य गर्नु पर्दछ। विद्यालय सेवा क्षेत्र किटान गरी आफ्नो निर्धारित सेवाक्षेत्रबाट बाहिर अध्ययनका लागि जाँदा पनि आफ्नो समुदायप्रति अभिभावक तथा विद्यार्थीले गर्नुपर्ने दायित्व सुनिश्चित हुनु पर्दछ। सेवा क्षेत्रभित्रकागरीब, विपन्न, असहाय र सहयोगको आवश्यकता भएका समुदायका आर्थिक वर्गको पहिचान गरी छात्रावास, छात्रवृत्ति आदि सुविधाको व्यवस्था हुनु पर्दछ भन्ने सिकाइ भयो।

अध्ययनका क्रममा जिल्ला, स्थानीय तहका सरोकारवालाबाट जुन जुन सामुदायिक विद्यालयहरु धेरै राम्रा र प्रभावकारी भनिए तथा देखिए। ती सबै विद्यालयले सरकारबाट उपलब्ध बजेट सुविधामा सेवा प्रदान गर्न सकेको पाइएन। सरकारी दरवन्दीका शिक्षक कर्मचारीभन्दा दुई तीन गुणासम्म जनशक्ति व्यवस्थापन गरेको पाइयो। उनीहरुले अभिभावकहरुबाट प्रशस्त आर्थिक सहयोग जुटाएका छन्। सरकारले निर्धारित गरेको कक्षा साइजभन्दा धेरै सानो आकारमा शिक्षक विद्यार्थी अनुपात मिलाएर पठन पाठन गराएका छन्। कक्षा साइज तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाएर शिक्षा लागत ठिक आकारमा राख्नु पर्ने आवश्यकता देखिन्छ ।

आन्तरिक स्रोतमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्न तलब भत्ताका लागि ठूलो रकम समुदाय वा विद्यार्थीका अभिभावकबाट उठाउन सकेका छन्। सेवाग्राही अभिभावकहरुको विश्वासमा आम्दानी व्यवस्थापन गर्न तथा खर्चिन र प्रशासनिक,व्यवस्थापकीय व्यवस्थापनमा सफल भएका सामुदायिक विद्यालय मात्र फस्टाउँदोअवस्था भएको अध्ययनमा पाइयो। गरिब,विपन्न लक्षित वर्ग र आर्थिक सहयोग आवश्यक वर्गप्रति न्याय कसरी गर्ने चुनौती देखियो। साथै सामुदायिक विद्यालयसमेत आर्थिक कारोवारमूलक शिक्षामा प्रवेश हुँदा हाल विद्यालय बाहिर रहेका पाँच प्रतिशत बालबालिकाको संख्या घट्ने नभई अझ बढेर जाने अवस्थाको पनि अनुभूति गरियो।

**पठन संस्कति विकास तथा प्रयोगात्मक अभ्यासः**

साथै, सामुदायिक विद्यालय शिक्षालाई प्रभावकारी र आकर्षित गर्न पुस्तकालय विषय क्षेत्रका प्रयोगशाला र कम्प्युटर जस्ता साधनहरुलाई विद्यार्थीमैत्री बनाउन धेरै बाँकी छ, जुन सरकारी तहले पहिलो प्राथमिकतामा राख्न आवश्यक अनुभव गरियो।

विद्यालयमा आइसिटीको लागि संघ,प्रदेश तथा स्थानीय सरकारबाट उपलब्ध शैक्षिक कार्यक्रम जुन मर्मले विद्यालयमा दिइएको हो, सोको अपेक्षा पुरा हुने ढंगले शैक्षिक कार्यक्रम र अभ्यासका लागि संवेदनशीलता नेतृत्वमा खाँचो छ भन्ने ज्ञान सिकियो।

इन्टरनेटको सुविधा कक्षाकोठासम्म पुर्याई सिर्जनशीलता विकास र विद्यार्थीको पठनपाठनमा सहयोग पुग्नराज्य प्रणालीमा धेरै पक्षबाट ध्यान पुग्न र सहकार्य आवश्यक छ। शिक्षण प्रणालीमा जनशक्ति र सिकाइमा प्रयोगात्मक पक्षको अनिवार्य तत्वहरु समावेश हुने मापदण्ड विकास तथा नियमित मूल्याङ्कन गर्नुपर्ने नीतिको खाँचो देखिन्छ।

**सरोकारवालाका रायसुझावः**

धेरै सकारात्मक पक्ष विकास हुँदै गएका सामुदायिक विद्यालयमा जनशक्ति विकास र उपलब्ध स्रोत तथा साधन प्रशस्त हुँदाहुँदै पनि अध्ययनमा पुगेका विद्यालयहरुका सिकाइ,विद्यार्थी केन्द्रित हुन, गराउन तथा शिक्षण पेसागत क्षमता वृद्धिमा जोड हुनुपर्ने कुरा सम्बन्धित विद्यार्थीहरुबाट जानकारी पाइयो।

विद्यालयमा उपलब्ध शैक्षिक र प्रयोगात्मक ल्यावहरुको शिक्षणमा उपयोगलाई अझ जोड गर्ने विधिको खाँचो विद्यार्थीहरुबाट सल्लाह पाइयो।प्रायः ९० प्रतिशत माध्यमिक विद्यालयमा पुस्तकालय अनुपातिक रुपमा व्यवस्थित गर्न, गराउन र उपयोगमा नभएको अनुभूति तथा अन्तरक्रियाबाट अवस्था अवगत भयो। विद्यालयमा पुस्तकालयको पहुँच तथा विज्ञान विषयका ल्याबहरू उपलब्ध भएपनि शिक्षक, विद्यार्थीलाई उपयोग गर्न विशेष प्रोत्साहित गर्ने कुनै योजना र कार्यक्रम विद्यालयहरुले बनाएको तथा कार्यान्वयनमा पुराएको देखिएन।फलतः पठन संस्कृति तथा सिर्जनशीलता हराउँदै गएको र बौद्धिक प्रतिभाको उत्पादनमा शिक्षा प्रणाली असफल हुँदै जाने त होइन भन्ने गएको गर्न बाध्य भइयो।

**सर्वाङ्गीण विकास र नागरिक शिक्षाः**

समुदायस्तरमा शिक्षण सिकाइमा आबद्ध गर्न र व्यवस्थापन पक्षमा प्रोत्साहन हुने गरी अझसम्म पनि अपाङ्गता भएका बालबालिकाको स्पष्ट विवरण तयार नहुनु अर्को चिन्ताको विषय रह्यो।
विशेष कक्षा चलाइएका विद्यालयमा समेत विशेष कक्षा प्रभावकारी नहुनुले उनीहरुलाई आकर्षित गर्न नसकेको पाइयो।साथै अपाङ्गता भएका बालबालिकाका लागि सामुदायिक विद्यालयहरुमा कुनै विशेष व्यवस्था गर्न तथा संवेदनशीलतापूर्वक नतिजा निकाल्न उत्सुकता नभएको अनुभूति गर्नु पर्यो।

**सारांशः**

अध्ययन गरिएका ५४ वटा विद्यालयमा एक लाख तीन सय पैतीस विद्यार्थी रहेछन् । सरकारी स्रोतबाट सुविधा पाउने जनशक्ति १६४४ जना रहेछन्।तर आन्तरिक रूपबाट १८९१ जना जनशक्ति व्यवस्थापन गरी शिक्षक विद्यार्थी अनुपात २८.३८ बनाएर कक्षा साइज मिलाइएको रहेछ।यदि आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन नगरिएको भए ६१.०३२ शिक्षक विद्यार्थी अनुपात थियो यही रूपमा सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण भर्ना र टिकाउ नहुन सक्थ्यो।फलतः सामुदायिक विद्यालयमा भएका विद्यार्थी पुनः संस्थागतमा फर्किन्थे र संस्थागतको सहभागिता हाल करीब २९/३०प्रतिशत रहेकोमा ४० प्रतिशत वा ५० प्रतिशत तर्फ उकालो लाग्थ्यो र सामुदायिक विद्यालयको हालको ७० प्रतिशत सहभागितामा ओरालो लागी ५०/६० तिर पुग्थ्यो भन्ने निष्कर्ष निस्कन्छ।

यी सबै अध्ययन, विश्लेषण आधारमा कम्तिमा आधारभूत तह कक्षा ०-८ सम्मको शिक्षामा राज्यको नियमन, व्यवस्थापन र लगानी हुनै पर्दछ। कक्षा ९-१२ को शिक्षामा हुने सँग साझेदारी गर्ने र नहुनेलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने सेवा सुविधा, छात्रवृत्ति जस्ता प्रबन्ध गरिनु उचित हुन्छ तर निःशुल्क प्रणालीमा पुनरावलोकन गर्नु न्याय हुन्छ।जनसहभागिता र प्रत्यक्ष आर्थिक लगानी विना सामुदायिक शिक्षा सुदृढीकरण सम्बन्ध नभएको निचोड अध्ययनको छ।

## अनुसूची तालिका

विद्यालको समग्र विवरणलाई देहाय अनुसार अध्ययन गर्ने

क सबै प्रकारका जनशक्ति सरकारी सामुदायिक तथा निजी स्रोतसमेतका

ख सरकारी दरवन्दी सबै प्रकृतिका मावि निमावि र प्रावि बावि सहजकर्ता प्राविधिक धार तथा मावि अनुदान र कार्यालय

सहायक र विद्यालय कर्मचारीसमेत

ग निजीसोत सबै प्रकृति सरकारी स्रोत बाहेकका सबै किसिमको जनशक्ति

घ विद्यालयमा सञ्चालित विद्यालयमा सबै कक्षाका जम्मा विद्यार्थी

**ङ शिक्षक विद्यार्थी अनुपात सबै तह र कक्षा एउटैमा राखिएको**

| क्रंस | विद्यालयका नाम | विद्यालयको प्रकृति | सरकारी शिक्षक | निजी शिक्षक | जम्मा | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | श्री कालिका मानवज्ञान माध्यमिक विद्यालय, बुटवल उमनपा, रुपन्देही । | साधारण/नमुना/ विज्ञान ०-१२ | ६२ | २७५ | ३३७ | ७६१२ | २२.५८ |
| २ | श्री कान्ति माध्यमिक विद्यालय, हाटबजार, बुटवल उमनपा, रुपन्देही । | साधारण/ विज्ञान ०-१२ | २७ | २०५ | २३२ | ४७०८ | २०.२९ |
| ३ | नवीन औद्योगिककदरबहादुर रायमाझी माध्यमिक विद्यालय, देवीनगर, बुटवल उमनपा, रुपन्देही । | प्राविधिक/ विज्ञान ०-१२ | ४१ | १२० | १६१ | ४१०१ | २५.४७ |
| ४ | श्री वीरेन्द्र माध्यमिक विद्यालय, भद्रपुर, चन्द्रगढी झापा । | साधारण/ विज्ञान ०-१२ | २९ | ३७ | ६६ | १७६१ | २६.६८ |
| ५ | श्री महेन्द्ररत्न माध्यमिक विद्यालय, विर्तामोड झापा । | प्राविधिक/नमुना/ विज्ञान ०-१२ | ५५ | ३७ | ९२ | २०११ | २१.८५ |
| ६ | श्री देवी माध्यमिक विद्यालय, विर्तामोड झापा । | प्राविधिक ०-१२विज्ञान | ५४ | ८६ | १४० | ४००५ | २८.६० |
| ७ | श्री काकरभिट्टा माध्यमिक विद्यालय, मेचीनगर,झापा । | साधारण ०-१२ | २६ | ०७ | ३३ | १०१८ | ३०.८४ |
| ८ | श्री आदर्श माध्यमिक विद्यालय, आयावारी, मेचीनगर -८ ,झापा । | साधारण०-१२ | ३९ | ०८ | ४७ | १५०७ | ३२.०६ |
| ९ | श्री धुलावारी माध्यमिक विद्यालय, धुलावारी, मेचीनगर -१० ,झापा । | प्राविधिक/नमुना / विज्ञान ०-१२ | ५८ | ३४ | ९२ | ३४०४ | ३७.०० |
| १० | श्री ढिकुरपानी माध्यमिक विद्यालय, दमक -३ ,झापा । | प्राविधिक०-१२ | २३ | ३७ | ६० | १४९५ | २४.९१ |
| ११ | श्री हिमालय माध्यमिक | प्राविधिक/ | ४० | ५८ | ९८ | १३५० | १३.७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय, दमक -२ ,झापा । | नमुना ०-१२ | | | | | |
| १२ | श्री सरस्वती माध्यमिक विद्यालय, दमक -९, इट्टाभट्टा,झापा । | प्राविधिक ०-१२ | ४५ | ०४ | ४९ | १११७ | २२.७९ |
| १३ | श्री पब्लिक हाईस्कुल, धरान ,सुनसरी । | प्राविधिक/ नमुना ०-१२ | ४२ | ९० | १३२ | ३३२० | २५.१५ |
| १४ | श्री बालकृष्ण माध्यमिक विद्यालय हरिनगर-१, रामनगर, भुटाहा, सुनसरी । | प्राविधिक ०-१२ | २६ | ०५ | ३१ | १२८५ | ४१.४५ |
| १५ | श्री शारदा माध्यमिक विद्यालय इनरुवा-५, बलाहा, सुनसरी । | साधारण ०-१२ | ३९ | २४ | ६३ | १६९६ | २६.९२ |
| १६ | श्री जनता माध्यमिक विद्यालय, इनरुवा-५, मधेशा, सुनसरी । | साधारण ०-१२ | ३१ | ०० | ३१ | ७५० | २४.१९ |
| १७ | श्री सरस्वती माध्यमिक विद्यालय, ग्रामस्थान गापा-२, झोराहट, मोरंग । | प्राविधिक ०-१२ | ३० | १५ | ४५ | १९८२ | ४४.०४ |
| १८ | श्री पोखरिया माध्यमिक विद्यालय, विरानगर महानगर -३, मोरंग । | प्राविधिक/नमुना ०-१२ | ४१ | ६७ | १०८ | ३२६५ | ३०.२३ |
| १९ | श्री आदर्श माध्यमिक विद्यालय, विरानगर महानगर, मोरंग । | प्राविधिक/ विज्ञान ०-१२ | ३७ | ६६ | १०३ | ४००६ | ३८.८९ |
| २० | श्रीसत्यनारायण माध्यमिकविद्यालय, विरानगर | प्राविधिक ६-१२ | २५ | ३९ | ६४ | १८१० | २८.२८ |
| २१ | श्री सुकुना माध्यमिक विद्यालय, मोरंग । | प्राविधिक/ विज्ञान ०-१२ | ४६ | ६० | १०६ | ३८२९ | ३६.१२ |
| २२ | श्री सजिलाल माध्यमिक विद्यालय, मोरंग | प्राविधिक/ विज्ञान ०-१२ | ३७ | ३८ | ७५ | २५१० | ३३.४६ |
| २३ | श्री उर्लाबारी माध्यमिक विद्यालय, मोरंग | प्राविधिक/ विज्ञान ०-१२ | ३८ | ३६ | ७४ | २३३७ | ३१.५८ |
| २४ | याज्ञवल्क्य मावि धनुषा | प्राविधिक ०-१२ | ३१ | १३ | ४४ | १७७९ | ४०.४३ |
| २५ | संकटमोचन देवशरणरामरती मावि धनुषा | साधारण ०-१२ | ३७ | ४० | ७७ | ३३८५ | ४३.९६ |
| २६ | शिवशक्ति मावि बटेश्वर धनुषा | प्राविधिक ०-१२ | ३० | २४ | ५४ | १८७७ | ३४.१२ |
| २७ | चन्द्र मावि सिराहा | प्राविधिक ०-१२ | ३५ | ०३ | ३८ | १९९६ | ५२.५२ |
| २८ | जनता मावि औरही सिराहा | प्राविधिक ०-१० | १० | ०४ | १४ | ४९५ | ३५.३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | जनता मावि वरियारपट्टी सिराहा | प्राविधिक ०-१२ | २७ | ०४ | ३१ | १४०५ | ४५.३२ |
| ३० | जनता मावि सोनवर्षा नवराजपुर सिराहा | प्राविधिक ०-१२ | ३१ | ०२ | ३३ | ११८६ | ३५.९३ |
| ३१ | पब्लिक विन्देश्वरी मावि राजविराज सप्तरी | नमुना/प्राविधिक ०-१२ | २८ | १२ | ४० | १०८० | २९.५० |
| ३२ | नरेन्द्र मेमोरियल जनता मावि वोरिया राजविराज सप्तरी | प्राविधिक ०-१२ | ३० | ०४ | ३४ | १२५८ | ३७.०० |
| ३३ | विश्वप्रकाश मावि चितवन | प्राविधिक ०-१२ | २२ | ०६ | २८ | ८०० | २८.५७ |
| ३४ | कपरपोखरी मावि चितवन | साधारण ०-१० | १२ | ०६ | १८ | ३७५ | २०.८३ |
| ३५ | बैरिया मावि चितवन | प्राविधिक ०-१० | १८ | ८ | २६ | ८०० | ३०.७६ |
| ३६ | नेपाल मावि टाँडि चितवन | प्राविधिक ०-१२ | ४० | १२ | ५२ | १९५८ | ३७.६५ |
| ३७ | मोहना मावि चितवन | प्राविधिक ०-१२ | २० | ५ | २५ | ३०० | १२.५ |
| ३८ | बालमन्दिर मावि लुम्ले कास्की | साधारण ०-१० | ०० | ३१ | ३१ | ४२८ | १३.८० |
| ३९ | गौरीशङ्कर मावि हेम्जा कास्की | प्राविधिक ०-१२ | ११ | ०७ | १८ | ३८० | २२.३५ |
| ४० | श्री नयाँ गाउँ माध्यमिक विद्यालय, नयाँगाउँ, बुटवल -१२, रुपन्देही । | साधारण ०-१२ | १८ | ३१ | ४९ | १२९८ | २६.४८ |
| ४१ | श्री शङ्कर माध्यमिक विद्यालय, शुद्धोधन -३, बेतही, रुपन्देही । | साधारण ०-१० | १७ | १६ | ३३ | ५५० | १६.६६ |
| ४२ | श्री भगवती माध्यमिक विद्यालय, हर्दियाचापी, बनकट्टी सुनवल -, नवलपरासी | साधारण ०-१० | १६ | १६ | ३२ | ५०१ | १५.६५ |
| ४३ | श्री आदर्श माध्यमिक विद्यालय, परासी, नवलपरासी । | साधारण/नमुना ०-१२ | २९ | ०७ | ३६ | १०५५ | २९.३० |
| ४४ | श्री पवन माध्यमिक विद्यालय, परासी, नवलपरासी । | साधारण ०-१२ | २६ | २२ | ४८ | १८६६ | ३८.८७ |
| ४५ | श्री बाल माध्यमिक विद्यालय, बैरिया, कपिलबस्तु | साधारण ०-१२ | २० | २२ | ४२ | ७९४ | १८.९० |
| ४६ | श्री बाणगङ्गा माध्यमिक विद्यालय, बाणगङ्गा-१, , कपिलबस्तु । | साधारण ०-१२ | २३ | १७ | ४० | ११५७ | २८.९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | श्री जनता मा वि पिपरा कपिलबस्तु । | प्राविधिक/विज्ञान ०-१२ | ३० | ७३ | १०३ | ३०१२ | २९.२४ |
| ४८ | श्री ज्ञानोदय माध्यमिक विद्यालय, चन्द्रकोट, तुरांग मजुवा, गुल्मी । | साधारण/नमुना ०-१२ | २८ | १२ | ४० | ७५० | १८.७५ |
| ४९ | श्री सत्यवति माध्यमिक विद्यालय, सत्यवती, हंसरा,गुल्मी । | साधारण ०-१२ | १८ | १२ | ३० | ६५७ | २१.९० |
| ५० | श्री जनज्योति माध्यमिक विद्यालय, रुरु, रिमुवा,गुल्मी । | प्राविधिक ०-१२ | ३२ | ०४ | ३६ | ३५६ | ९.८८ |
| ५१ | श्री जन माध्यमिक विद्यालय वीरेन्द्रनगर , सुर्खेत । | प्राविधिक/नमुना ०-१२ | २९ | ५९ | ८८ | २३५२ | २६.७२ |
| ५२ | श्री अमरज्योति माध्यमिक विद्यालय, वीरेन्द्रनगर , सुर्खेत । | प्राविधिक ००-१२ | ३५ | ६५ | १०० | ३२०४ | ३२.०४ |
| ५३ | श्री कृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालय, वीरेन्द्रनगर, सुर्खेत | प्राविधिक०-१२ | ३३ | ०५ | ३८ | २२२२ | ५३.२१ |
| ५४ | श्री आदर्श माध्यमिक विद्यालय, मेहली, गर्पन, वीरेन्द्रनगर, सुर्खेत । | साधारण ०-१२ | १७ | ०१ | १८ | ३८२ | २१.२२ |
| | जम्मा | | १,६४४ | १,८९१ | ३,५३५ | १,००,३३७ | २८.३८ |